मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com




वर्ष २ | अंक २०३ | २०८१ साल जेठ ३० गते बुधबार | Wednesday 12, June 2024 | सूर्योदय: बिहान ५:११ बजे | सूर्यास्त: साँझ ७:०० बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## सरकारी स्रोत दुरुपयोग गरेर पार्टी विभाजनः यादव

*जनताले गरेको लामो सङ्घर्ष, त्याग र बलिदानद्वारा स्थापित सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षताका विरुद्ध प्रतिगामी तथा यथास्थितिवादी लोकतन्त्रविरोधी शक्तिहरू प्रतिक्रान्तिका लागि षड्यन्त्रमूलक रूपमा प्रयासरत छन् । यस्ता शक्तिबाट मुलुकलाई जोगाउन हामीले एक्लै वा लोकतान्त्रिक शक्ति, प्रगतिशील शक्ति, पहिचानवादी शक्ति र क्रान्तिकारी परिवर्तनकारी शक्तिसँग सहकार्य वा एकता गरेर सङ्घर्षको आँधीबेहरी सिर्जना गर्नुपर्दछ ।'*



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वमा रहेको सरकारले आफ्नो राजकीय स्रोतसाधन र शक्ति दुरुपयोग गरी पार्टी विभाजन गराएको बताएका छन् ।

जसपा महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदनमा अध्यक्ष यादवले सरकारी स्रोत दुरुपयोग गरी पार्टी विभाजन गरिएपछि पार्टी सरकारबाट बाहिरिएर र जिम्मेवार प्रतिपक्षको भूमिकामा उभिएको बताइएको छ । प्रतिवेदनमा प्रदेशमा प्रहरी समायोजन हुन नसकेको, प्रदेश सरकारको आफ्नै प्रहरी, प्रशासन र कर्मचारीतन्त्र नभइ शान्ति, स्थिरता र विकासको गति अगाडि बढाउन निकै अप्ठ्यारो भएको उल्लेख छ । स्थानीय तहलाई प्रदेशअन्तर्गत नराखी सोझै सङ्घमातहत हुँदा स्थिति झन बढी जटिल र अन्योलग्रस्त हुन पुगेको र संविधान संशोधन तथा आवश्यक कानून निर्माण गरी प्रदेश सरकारलाई सक्षम र प्रभावकारी बनाउने कार्य यथाशीघ्र गर्न माग गरिएको छ ।

प्रतिवेदनमा भनिएको छ, 'सङ्घीय सरकारमा पटकपटक भइरहेको हेरफेरले प्रदेश सरकार पनि अस्थिर हुन पुगेका छन्,

*बाँकी पृष्ठ २ मा*

## बलात्कारी न्यायाधीशलाई ७ वर्ष कैद

**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँ जिल्ला अदालतले पूर्वन्यायाधीश भुवन गिरीलाई जबर्जस्ती करणीमा दोषी ठहर गर्दै ७ वर्ष कैद फैसला गरेको छ ।

न्यायाधीश दुर्गा भुसालको इजलासले गिरीलाई पूर्वश्रीमतीको सहमति बेगर



शारीरिक सम्पर्क राखेको ठहर गर्दै ७ वर्ष कैद सजाय सुनाएको हो । उनलाई ३ लाख रुपैयाँ क्षतिपूर्ति भराउन पनि आदेश भएको छ । जरिवानाका रूपमा सुनाएको रकम पीडितले पाउने छिन् ।उनलाई जेठ १३ गते दोषी ठहर गरिएको थियो । फैसलाको आइतबार सजाय निर्धारण गर्दै कैद र जरिवाना तोकिएको हो । उनी सर्वोच्च अदालतको आदेशले यसअघि नै थुनामा छन् ।






## जनमत नेतृत्वको सरकारले ल्यायो नीति तथा कार्यक्रम

**मुख्यमन्त्रीका नाममा कार्यक्रमहरु**

**१. मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा**
**२. मुख्यमन्त्री स्वास्थ्य सुधार कार्यक्रम**
**३. मुख्यमन्त्री सुशासन अनुसन्धान फेलोसिप**
**४. मुख्यमन्त्री प्राकृतिक विपद बीमा कार्यक्रम**

- **१३६ पालिकामा नमूना कृषि विकास समूह निर्माण**
- **प्रत्येक जिल्लामा नमूना खुला शैक्षिक पार्क**
- **धनुषाको हंसपुरमा जडिबुटी उत्पादन र प्रशोधन**
- **वैदेशिक लगानी भित्र्याउन मधेश प्रदेश लगानी सम्मेलन**

**केही नयाँ कार्यक्रमहरुः**
१. घुमौँ मधेशः बुझौँ मधेश
२. पर्यटन वर्ष
३. अटोमेटिक ट्रायल सेन्टर स्थापना
४. एक क्षेत्रः एक पक्की पुल
५. निर्वाचन क्षेत्र रोजगार प्रवद्र्धधन केन्द्र
६. पालिकामा कृषि विद्युतीकरण
७. पूर्ण साक्षर मधेश प्रदेश–साक्षरता अभियान
८. हरेक जिल्लामा मोबाइल एम्बुलेन्स
९. हरेक पालिकाको सांस्कृतिक झल्को देखिने माटो पार्क
१०. हरेक पालिकामा एक एग्रोभेट,
११. मधेश स्वयम्सेवक कोर
१२. चुरे संरक्षण तथा पानी रिचार्ज
१३. मधेश प्रिमियर लिग
१४. मधेश इतिहास पार्क
१५. मधेश वैदेशिक रोजगार प्रशिक्षण कार्यक्रम
१६. स्किल टेस्ट सेण्टर
१७. प्रादेशिक कृषि औजार केन्द्र
१८. मधेश स्टार्ट अप र इन्नोभेसन सेन्टर
१९. टिच फर मधेश
२०. हरेक ४ बिघामा १ बोरिङ कार्यक्रम
२१. मधेश आईटी पार्क निर्माण
२२. प्रशासनिक सुधार र सुशासन
२३. लागूपदार्थविरुद्ध सचेतना कार्यक्रम



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
केही दिनअघि मात्रै प्रदेश सरकार परिवर्तन भएको मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि प्रदेश सभामा आफ्नो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । लगातार ६ वर्ष नीति तथा कार्यक्रम प्रस्तुत गरेको जनता समाजवादी पार्टी (जसपा) नेपालले नै यसवर्ष पनि नीति तथा कार्यक्रम ल्याउने तयारी गरेको थियो ।

तर जनमत पार्टी नेतृत्वको सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाउँदा जसपा नेपाल भने सहभागीसमेत हुन पाएन ।

जसपाका लागि मंगलबारसम्म कानूनी हदम्याद पनि थियो । तर बाठो पल्टिएर समयअगावै प्रदेश सभा आह्वान गर्दै विश्वासको मत लिएर नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सपना बोकेको जसपा नेपाल सरकार ६ वर्षपछि प्रदेश सरकारको नीति तथा कार्यक्रम बनाउने हैसियत गुमाउनेमा मात्रै पुगेन, आफूहरु पार्टी महाधिवेशनमा सरिक भएकाले दुई दिन पछि नीति तथा कार्यक्रम सार्न आग्रह गर्दा नपत्याउने अवस्थामा पुगे र मंगलबार प्रस्तुत भएको नीति तथा कार्यक्रममा लगातार ६ वर्ष नीति तथा कार्यक्रम प्रस्तुत गर्ने पार्टी नै सहभागी हुन पाएन । जसपा संसदीय दलका नेता सरोज यादवले पार्टी महाधिवेशनमा व्यस्त भएकाले नीति तथा कार्यक्रम सार्न आग्रह गरिएको र अस्वीकार गरिएकाले बहिस्कार गरिएको जानकारी दिए ।

मंगलबार प्रदेश सभा बैठकमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले आर्थिक वर्ष २०८१–८२ का को नीति तथा कार्यक्रम प्रस्तुत गरेकी हुन् । प्रदेश प्रमुख भण्डारीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा कृषि, शिक्षा, स्वास्थ्य, रोजगार, खेलकुद, भौतिक पूर्वाधार, वन वातावरणलगायतलाई प्राथमिकतामा दिइएको छ । मधेशका १ सय ३६ पालिकालाई लक्षित गरी नमूना कृषि विकास समूह सहकारी वा कृषि साझेदारीमा एक पालिका एक कृषि उत्कृष्टता केन्द्र तयार, मधेस प्रदेशका प्रत्येक जिल्लामा नमूनाको रुपमा १–१ वटा खुला शैक्षिक पार्क निर्माण, प्रदेशको तथ्याङ्क भरपर्दो र विश्वासिलो बनाउन डिजिटल तथ्याङ्क बैँक स्थापना गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

वैदेशिक लगानी भित्र्याउन मधेश प्रदेश लगानी सम्मेलन गरिने नीति लिइएको छ । प्रदेशमा महिला हिंसा नियन्त्रण गर्न कानून निर्माणका साथै हिंसामा संलग्नमाथि कडा कानूनी कारबाहीका साथै पाठ्यक्रममा महिला हिंसाको विषय समावेश गर्दै महिला हिंसा नियन्त्रणका लागि अन्य प्रवद्र्धनात्मक कार्यक्रम सञ्चालन गरिने नीति लिइएको हो ।

नीति तथा कार्यक्रममा विवाहमा हुने गरेको अनावश्यक खर्चलाई नियन्त्रणका लागि सामूहिक विवाह कार्यक्रम सञ्चालन गरिने, जनकपुरधामलाई वैवाहिक हबको रुपमा स्थापना गरिने नीति लिइएको हो । एक निर्वाचन एक सडक तथा पुल निर्माण गर्ने भएको छ । पर्सादेखि सप्तरीका मधेशी सहिद सडक राजमार्गका निर्माणका लागि स्वदेश तथा विदेशी लगानीका लागि आह्वाहन गरिने उल्लेख छ । यसका साथै स्वास्थ्य सेवा गुणस्तरीय बनाउँदै नसर्ने रोगको उपचारलाई प्राथमिकतामा राखिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत प्रादेशिक अस्पताललाई ५ सय शैयामा स्तरोन्नति गर्नेलगायतका नीति लिइएको छ । प्रतिष्ठानमा हाल सञ्चालनमा रहेको शैक्षिक कार्यक्रममा एमबिबिएस, बिडिएस, बिफार्मेसीलगायतका स्नातक कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधारको कार्यलाई थप विस्तार र व्यवस्थापन गरिने नीति लिइएको छ ।

मधेसलाई आयुर्वेदमा आत्मनिर्भर बनाउन धनुषाको हंसपुरमा जडिबुटी उत्पादन र प्रशोधन केन्द्र बनाइने बताइएको छ । 'जहाँ बाटोः त्यहाँ रुख, त्यसले ल्याउँछ परम सुख' नारालाई सार्थक बनाउन स्थानीय तहको समन्वय र सहकार्यमा ग्रामीण तथा शहरी वन विकासको कार्यक्रम ल्याइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

कार्यक्रममा बालश्रम न्यूनीकरण गर्ने नीति लिइएको छ । 'बचपन बचाऊ, जीवन जोगाऊ' नारासहित बालश्रम न्यूनीकरण् नीति लिइएको हो । नीति तथा कार्यक्रममा 'घुमौँ मधेश–बुझौँ मधेश' कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । पर्यटन प्रवद्र्धनका कार्यक्रमलाई प्राथमिकता दिइएर यस्तो कार्यक्रम ल्याइएको हो ।

मधेशमा पर्यटन प्रवद्र्धनका लागि पर्यटन बोर्ड गठनदेखि जयनगरबाट रेल चढेर आउने पर्यटकलाई एकैठाउँमा बस्ने व्यवस्था हुनेगरी धर्मशाला निर्माणसम्मको योजनालाई प्राथमिकतामा राखिएको छ । यस्तै, राजमार्ग क्षेत्रमा क्यासिनो र ग्रामीण क्षेत्रमा होमस्टेको प्रबन्ध गरिने बताइएको छ ।

नीति तथा कार्यक्रममा सञ्चार क्षेत्रलाई पनि महत्व दिइएको छ । लोक कल्याणकारी विज्ञापनलाई निरन्तरता, समानुपातिक विज्ञापनको प्रबन्ध, सामुदायिक रेडियो सञ्जाल निर्माण गरी रेडियोकर्मीलाई दक्षता प्रदान गरिने उल्लेख छ । पत्रकारका लागि स्वास्थ्य वीमा र दुर्घटना वीमाको व्यवस्था गरिने बताइएको छ । नीति तथा कार्यक्रममा पुराना नीति तथा कार्यक्रमसमेत निरन्तर हुने उल्लेख छ । 'बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमसमेत निरन्तरता हुने उल्लेख छ । दिउँसो २ बजे हुने भनिएको नीति तथा कार्यक्रम साँझ ६ बजे प्रस्तुत भएको थियो ।

## गृहमन्त्रीले राजीनामा दिनुपर्छः साह

**मधेशदृष्टि**
**रौतहट ।**
पूर्वमन्त्री एवम् आमजनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेलाई नैतिकताका आधारमा राजीनामा दिन सुझाव दिएएका छन् । देशका युवालाई यदि नेपालमै रोजगार दिन सकिँदैन भने कुर्सीमा बस्ने अधिकार नभएको भन्दै उनले नैतिकताका आधारमा राजीनामा दिन सुझाव दिएका हुन् । मंगलबार प्रतिनिधिसभाको बैठकमा आर्थिक वर्ष २०८१–८२ को बजेटमा आफ्नो सुझाव राख्दै साहले नेपालमै रोजगारी सिर्जना



गरिनु पर्ने र विदेशमा रोजगारीका लागि गएकालाई नेपाल फर्काएर नेपालमै रोजगारी दिनुपर्ने बिषय बजेटमा समावेश नगरिएको टिप्पणी गरे । 'रोजगारीको अधिकार मौलिक अधिकार हो, अहिले नेपालमा वैदेशिक रोजगार प्रवद्र्धन बोर्ड बनाइएको छ, के नेपालमा रोजगार प्रवद्र्धन गर्न सकिदैन,' उनले प्रश्न गरे, 'विदेशमा रोजगार प्रवद्र्धन गर्ने तर नेपालमा रोजगार प्रवद्र्धन गर्नै नहुने, तपाईंहरुले त भन्नुभएको थियो, लाखौँ नेपालीलाई नेपाल फर्काउछु तर कार्यक्रममा त देखिएन ।'

'लाखौँ नेपालीलाई फर्काउने कार्यक्रम चाहिएको छ, रोजगारी दिन सक्नुहुन्न भने नैतिकताले त्यहाँ बस्न मिल्दैन, संविधानले त्यही भन्छ,' उनले भने, 'यदि रोजगारी

*बाँकी पृष्ठ २ मा*

## पाँचकरोड घोषणामा सर्वोच्चमा रिट

प्रत्यक्ष निर्वाचित सांसदलाई पाँच करोड र समानुपातिक सांसदलाई एक करोड ५० लाख रुपैयाँको योजना दिने मधेश प्रदेश सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाएर मनीषकुमार मण्डल, पारितोषकुमार साह र आबिद हुसैनले सर्वोच्च अदालतमा रिट दायर गरेका हुन् ।

जनमत पार्टीबाट मधेश प्रदेशको मुख्यमन्त्री बनेका सतिश कुमार सिंहको नेतृत्वमा गठित मधेश प्रदेश मन्त्रिपरिषद्को पहिलो बैठकले प्रत्यक्ष निर्वाचित सांसदलाई पाँच करोड रुपैयाँ र समानुपातिक सांसदलाई एक करोड ५० लाख रुपैयाँको योजना दिने निर्णय गरेको थियो ।

# तीन सय जनाको १५ करोड ठगी गर्ने पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
वैदेशिक रोजगारीको प्रलोभन देखाएर तीन सय भन्दा बढी व्यक्तिहरुबाट १५ करोड रुपैयाँ ठगी भएको घटना बाहिरिएको छ । कम्बोडिया, न्यूजिल्याण्ड, फ्रान्सलगायतका देश पठाइदिन्छु भनी तीन सयभन्दा बढी व्यक्तिबाट १५ करोड रुपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।
प्रहरीले पक्राउ गरेकाहरूमा चितवनको भरतपुर महानगरपालिका वडा नम्बर १८ घर भई हाल काठमाडौं टोखा नगरपालिका बस्ने २८ वर्षीय राजकुमार भट्ट, कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ८ घर भई हाल पोखरा महानगरपालिका वडा नम्बर ९ पृथ्वीचोक बस्ने २२ वर्षीय नविन विक र कास्कीकै पोखरा महानगरपालिका वडा नम्बर ८ घर भई हाल चितवनको भरतपुर महानगरपालिका वडा नम्बर ८ बस्ने २३ वर्षीय पवन पन्त रहेको प्रहरीले जनाएको छ ।
फेसबुक, म्यासेन्जर, ह्वाट्सएपलगायतका सामाजिक सञ्जालमा फेक आइडी प्रयोग गरी वैदेशिक रोजगारीमा पठाइदिने भनी आकर्षक तलब, भत्तासहितको विज्ञापन गरी सम्पर्कमा आएकाहरूलाई ठगी गर्ने गरेका थिए । उक्त ठगीको सम्बन्धमा उजुरी परेपछि काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । कार्यालयका कर्मचारीहरुको खातामा विदेश जान सम्पर्कमा आएका मानिसबाट रकम जम्मा गर्न लगाइ उक्त रकम चेकबाट निकालेर विभिन्न खातामा जम्मा गर्न लगाएको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरीले जनाएको छ ।
उनीहरूले भिसा प्रकृया चलिरहेकाले भिसा, वर्क पर्मिट, होटल बुकिङ, पुलिस रिपोर्टलगायतका नक्कली कागजात देखाइ टिकट र डलर साट्न पैसा लाग्ने भन्दै प्रति व्यक्ति पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँका दरले पैसा लिएका थिए । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजमाथि छलफल




**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजपादी) बागमती प्रदेश कमिटीले राष्ट्रिय महाधिवेशनमा प्रस्तुत हुने दस्तावेजमाथि छलफल सम्पन्न गरेको छ । पार्टीले मातहतका कमिटी तथा सबै जिल्ला तहबाट थप सुझाव लिन सबै जिल्लामा दस्तावेजको मस्यौदा पठाएको थियो । राजनीतिक दस्तावेज, पार्टीको समाजवादी कार्यक्रम, विधान संशोधन र साङ्गठनिक गरी चार दस्तावेजमा छलफल गरिएको हो ।
यही जेठ मसान्तभित्र सबै मातहतका कमिटीले सुझाव केन्द्रमा पठाउन समयसीमा तोकिएको छ । बागमती प्रदेश कमिटीका अध्यक्ष सावित्रा भुसाल तथा बागमती इन्चार्ज डा गङ्गालाल तुलाधरको उपस्थितिमा ती दस्तावेजमा छलफल गरिएको थियो । सो छलफलबाट निस्केको निष्कर्षलाई समेटेर केन्द्रलाई बुझाउने तयारी गरिएको जनाइएको छ । दस्तावेजलाई एउटै प्रतिवेदन बनाएर राष्ट्रिय महाधिवेशनमा लैजाने बागमती प्रदेश कमिटी सचिव लक्ष्मण लम्सालले जानकारी दिए । सोही कमिटीले काभ्रेबाट प्राणनाथ न्यौपाने, राजु नेपाल, सन्तवीर तामाङ, छवि हुमागाईँलाई प्रदेश कमिटी सदस्यको जिम्मेवारी प्रदान गरेको छ ।
पार्टी सङ्गठन सुदृढीकरणमा महत्त्वपूर्ण योगदान गर्नुभएकाले कामको मूल्याङ्कन गर्दै प्रदेश कमिटीको जिम्मेवारी प्रदान गरिएको सचिव लम्सालले जानकारी दिए ।
महाधिवेशनको कार्यप्रगति तथा तयारीबारे मातहतका कमिटीले पार्टी केन्द्रलाई जानकारी गराउनुपर्ने प्रावधान छ । महाधिवेशनका लागि निर्माण गरिएको प्रतीक चिन्हमा नेपालको फरफराइरहेको राष्ट्रिय झण्डालाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । कम्युनिष्ट पार्टीको झण्डा राखिएको प्रतीक चिन्हमा दक्षिणपन्थी यथास्थितिवादको विरोध गरौँ, समाजवादी बाटोमा अगाडि बढौँ भन्ने सन्देश उल्लेख छ । पार्टीको महाधिवेशन आगामी असार १६ देखि २० गतेसम्म काठमाडौँको प्रज्ञा प्रतिष्ठानमा तय गरिएको छ । महाधिवेशनलाई सम्पन्न गर्न पार्टी अध्यक्ष माधवकुमार नेपालको नेतृत्वमा १४ सदस्यीय कमिटी निर्माण गरिएको छ । पार्टीका तल्लो तहदेखि माथिल्लो तहका नेतालाई सम्बन्धित भूगोल तथा कार्यक्षेत्रबाट निर्वाचित हुनुपर्ने व्यवस्था गरिएको छ । रासस

# राष्ट्रपति पौडेल जेनेभा प्रस्थान

काठमाडौँ ।
राष्ट्रपति रामचन्द्र पौडेल अन्तर्राष्ट्रिय श्रम सम्मेलनको एक सय १२औँ उच्चस्तरीय बैठकको उद्घाटनसत्रमा हुने सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धनको मञ्चमा भाग लिन आज अपराह्न जेनेभा प्रस्थान गरेका छन् । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा उपराष्ट्रपति रामसहायप्रसाद यादव र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बिदाइ गरे । त्यसअवसरमा राष्ट्रपतिको सम्मानमा नेपाली सेनाको एक टोलीले सम्मान गारत अर्पण गरेको थियो ।
राष्ट्रपतिको बिदाइका लागि विमानस्थलमा राष्ट्रियसभा अध्यक्ष, उपप्रधानमन्त्री, मन्त्रीगण, संवैधानिक निकायका प्रमुख, सुरक्षा निकायका प्रमुख, नेपाल सरकारका उच्च पदस्थ अधिकारी, यहाँस्थित कूटनीतिक नियोगका प्रमुुख एवं प्रतिनिधि उपस्थित थिए । जनेभामा रहँदा राष्ट्रपति पौडेलले भोलि बुधबार स्वीस महासङ्घका राष्ट्रपति विओला आमर्डसँग द्विपक्षीय भेटवार्ता गर्नेछन् । परराष्ट्र मन्त्रालयका अनुसार उनले सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धन मञ्चको उद्घाटन समारोहलाई यही जेठ ३१ गते सम्बोधन गर्ने कार्यक्रम छ । राष्ट्रपति पौडेल जर्मनीका राष्ट्रपति फ्रैङ्क–वाल्टर स्टिनमेयरको निमन्त्रणामा औपचारिक भ्रमणका लागि जेनेभाबाट आगामी असार १ गते सङ्घीय गणतन्त्र जर्मनीको बर्लिनतर्फ प्रस्थान गर्नेछन् । त्यहाँ रहँदा उनले आफ्ना जर्मन समकक्षी स्टिनमेयरसँग औपचारिक भेटवार्ता गर्नेछन् । राष्ट्रपति पौडेलका साथ उनकी धर्मपत्नी सविता पौडेल छन् । प्रतिनिधिमण्डलका अन्य सदस्यहरूमा राष्ट्रपतिका परराष्ट्र मामिलाविज्ञ डा सुरेशचन्द्र चालिसे, राष्ट्रपतिको कार्यालय र परराष्ट्र मन्त्रालयका सचिवहरू, स्वीट्जरल्याण्ड र जर्मनीका लागि नेपाली राजदूत तथा राष्ट्रपतिको कार्यालय र परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकारी रहेका छन् । राष्ट्रपति पौडेल असार ५ गते स्वदेश फर्किने कार्यक्रम छ । रासस

# मुद्दा मिलाइदिने भनी ठगी गर्ने समातिए



**सञ्जय मिश्रा**
**रौतहट ।**
मिटरब्याज अनुचित लेनदेन मुद्दा मिलाउने भन्दै पीडितसँग पैसा लिएका एक जनालाई रौतहट प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा देवाही गोनाही नगरपालिका वडा नम्बर ७ घर भएका ४५ वर्षिय भरोसी साह रहेको प्रहरीले जनाएको छ । उनलाई पीडितसँग पैसा लिइरहेकै अवस्थामा नियन्त्रणमा लिएको जिल्ला प्रहरी प्रवक्ता एवं डिएसपी एलिजा गिरीले बताइन् । आरोपी साहले सिडियो र अन्य कर्मचारीलाई दिनुपर्छ भन्दै पिडितसँग ५० हजार रुपैयाँ माग गरेको पाइएको छ । पैसा लिइरहेको सूचनाको आधारमा नियन्त्रणमा लिएर अनुसन्धान गरी पीडितसँग लिएको पैसा फिर्ता गराएर आरोपी भरोसी माथि ठगि सम्बन्धी कसुर अन्तर्गत मुदा दर्ता कारवाही शुरु गरिएको डिएसपी गिरीले जानकारी दिइन् ।
जिल्ला प्रहरी कार्यालय गौर अगाडि केही समयदेखि आवतजावत गर्दै मिटरब्याज अनुचित लेखदेनको पीडितलाई जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गराइदिन्छु सो बापत ५० हजार रुपैयाँ लिरहेकै अवस्थामा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले सोमवार साँझ ५ बजेको नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । मिटरब्याज पीडितको मुद्दा मिलाइदिने भन्दै अहिले दर्जन बढी मानिस जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय रौतहटको दैनिकजसो चक्कर लगाइरहेको देखिन्छ ।

# सरकारी स्रोत दुरुपयोग...

संवैधानिक व्यवस्थाअनुरूप कानून अभाव, कर्मचारीतन्त्रको अभाव र असहयोगका कारण प्रदेश सरकार सञ्चालनमा निकै समस्या छ ।' तर पनि प्रदेश सरकारका कार्यले जनता उत्साहित र लाभान्वित नै भएको प्रतिवेदनमा भनिएको छ । त्यसैगरी, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र संस्थागत गर्न प्रतिगमन परास्त गर्न, सुशासन र विकास कार्यलाई अगाडि बढाउन, पार्टी सडकका साथै संसद र सरकारमा सहभागी भई सङ्घर्षलाई निरन्तर जारी राख्ने प्रतिवेदनमा भनिएको छ । 'सडक, संसद र सरकार तीनवटै हाम्रा लागि सङ्घर्षकै मोर्चा हुन्, यसलाई समयसापेक्ष जनहितमा उपयोग गरिनुपर्दछ,' प्रतिवेदनमा उल्लेख छ ।'जनताले गरेको लामो सङ्घर्ष, त्याग र बलिदानद्वारा स्थापित सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षताका विरूद्ध प्रतिगामी तथा यथास्थितिवादी लोकतन्त्रविरोधी शक्तिहरु प्रतिक्रान्तिका लागि षड्यन्त्रमूलक रूपमा प्रयासरत छन् । यस्ता शक्तिबाट मुलुकलाई जोगाउन हामीले एक्लै वा लोकतान्त्रिक शक्ति, प्रगतिशील शक्ति, पहिचानवादी शक्ति र क्रान्तिकारी परिवर्तनकारी शक्तिसँग सहकार्य वा एकता गरेर सङ्घर्षको आँधीबेहरी सिर्जना गर्नुपर्दछ,' राजनीतिक प्रतिवेदनमा उल्लेख छ । यस्तै, संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशीता, सुशासन, पहिचान, धर्मनिरपेक्षता, सामाजिक न्यायका पक्षधर र समाजवादी शक्ति, सिद्धान्त, विचार र नीति मिल्ने दलहरूसँग एकीकरण अथवा पार्टी एकता गर्ने नीति अगाडि सारिएको छ ।प्रतिवेदनमा भनिएको छ, 'राजनीतिक मुद्दा मिल्ने तर सिद्धान्त, विचार नमिल्ने दलहरूसँगका सङ्घर्षको प्रकृति हेरी संयुक्त मोर्चा वा कार्यगत एकतामा आबद्ध गर्नुपर्दछ । हामीले संघीयता, लोकतान्त्रिक गणतन्त्रविरोधी वा परिवर्तनका बाधक शक्तिलाई एक्ल्याउन र त्यसविरूद्ध सबै राजनीतिक शक्तिलाई मोर्चामा आबद्ध गर्न सक्नुपर्छ ।' यादवको प्रतिवेदन पारित भएको छ ।

# गृहमन्त्रीले राजीनामा...

दिनसक्नुहुन्न भने बेरोजगारलाई बेरोजगारी भत्ता दिनुस्, ती बेरोजगार पनि बाँच्न पाउँनुपर्छ, यसमा सरकारको गम्भीरता देखिएन ।'
यस्तै, नेपालमा कार्यरत घरेलु कामदारका हकअधिकारका लागि कानून निर्माणका लागि उनले सरकारको ध्यानाकर्षण गराए । ठूलाबडाको घरमा कार्यरत घरेलु कामदार पनि नेपाली नै भएकाले उनीहरुका बारेसमेत बजेटले सम्बोधन गर्नुपर्ने भए पनि सम्बोधन नभएको साहले बताए ।
यस्तै, शिक्षामा असमानता र सम्प्रदायिकता रहेको भन्दै उनले नेपालमा गुणस्तरीय शिक्षाको व्यवस्था हुनुपर्ने माग गरे । त्रिभुवन विश्वविद्यालयसहितका विश्वविद्यालय राजनीतिक दलको भर्ती केन्द्र र भ्रष्टाचार गर्ने अखडा बनेको टिप्पणी गरे । साहले नेपालको विश्वविद्यालय बिहारभन्दा पनि गएगुज्रेको भइसकेको बताउँदै त्यसलाई सुधार गर्नुपर्ने बताए । यस्तै, साहले तराई मधेशमा कोल्ड स्टोर निर्माण हुने गरी बजेट आउनुपर्नेमा त्यस्तो नभएको टिप्पणी गरे । 'हामी चाहन्छौँ, सरकारले किसानलाई पेन्सन देओस् । किसानको समस्या देखोस्,' साहले भने, 'तराई, मधेशमा कोल्ड स्टोर नहुँदा किसानलाई समस्या परिरहेको छ । सरकारले त्यता ध्यान नदिँदा किसानको ढाड भाँचिएको छ ।'

# रौतहट प्रहरीद्वारा अवैध माछा नष्ट



**मधेशदृष्टि**
**रौतहट ।**
तस्करहरुले भारतीय बजारबाट भित्र्याएको विभिन्न केमिकल युक्त अबैध माछा रौतहटस्थित प्रहरीको गस्ती टोलीले बरामद गरी नष्ट गरेको छ ।
ईलाका प्रहरी कार्यालय बन्जरहाबाट खटिएको प्रहरी टोलीले ईशनाथ नगरपालिका वडा नम्बर १ स्थितमा चेकजाँच गर्ने क्रममा अवैद्य भारतीय माछा बोकेको बिआर ०३० ए बी ३२४८ नम्बरको मोटरसाईकल नियन्त्रणमा लिएको थियो । भारतबाट नेपालतर्फ अबैध रुपमा ल्याउँदै गरेको १५० किलोग्राम माछा स्थानिय भद्रभलादमी तथा संचारकर्मीहरुको रोहवरमा नष्ट गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएस्पी एलिजा गिरीले बताइन् ।
जिल्ला प्रहरी कार्यालय रौतहटले भारतबाट नेपालतर्फ केमिकल युक्त माछा ल्याई बिक्री वितरण गर्न रोक लगाएको छ । भारतको आन्ध्र प्रदेशबाट अवैध रूपमा ल्याइने त्यस्तो माछा न बिग्रिन उनीहरूले प्रयोग गर्ने केमिकल मानव स्वास्थको लागि अति नै हानिकारक हुनेगरेको चिकित्सकहरुको भनाइ रहेको छ ।


## घरेलु हिंसा दण्डनीय अपराध हो ।

**घरेलु सम्बन्ध भएको परिवारका एक सदस्यले सोहि परिवारको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक हिंसालाई घरेलु हिंसा भन्दछन् ।**



- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने पीडित वा जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखिक उजुरी दिन सक्दछ ।
- यस्तो कसूर भएमा कसुर गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्ने हुन्छ ।
- घरेलु हिंसा कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने ब्यवस्था मिलाइएको छ ।
- यसका साथै घरेलु हिंसाका पीडितलाई जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायता सेवा उपलब्छ हुन्छ भने जिल्ला अदालतबाट निशुल्क वकिलको पनि व्यवस्था गरिएको छ ।

नेपालको कानुनले निम्न ४ प्रकारको घरेलु हिंसा गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेको छ ।

१) शारीरिक यातनाः कुटपिट गर्ने गैर कानुनी रूपमा थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने तेजाव वा त्यस्तै अन्य कुनै पदार्थ छर्किई वा सो पदार्थले पोली डामी, दली, घसी जीउमा पिडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पारिदिने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य पर्दछ ।

२) मानसिक यातना : डरधाक देखाउने वा धम्की दिने त्रासपूर्ण व्यवहार गर्ने गाली गलौज गर्ने झुठा कुरा लगाउने, घरबाट निकाला गर्ने वैचारिक धार्मिक, सांस्कृतिक, प्रथा परम्पराका आधारमा भेदभाव गर्ने रूपरंग शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक संतुलन गुमाउने वा आत्महत्या गर्न दुरूत्साहन दिने वा आत्माहत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले वा मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेत जनाउँछ ।

३) यौनजन्य यातना : महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य भनेकाले यौनजन्य दुर्व्यवहार, बिरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल पत्रपत्रिका वा सिनेमा देखाई सोहि अनुसार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरू महिलामाथि हुने यौनजन्य यातना हुन् ।

४) आर्थिक यातना : महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचविखन गर्दा महिलाको सहमती नलिनु, आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुचँ नहुनु जस्ता कार्य पर्दछन् । आर्थिक यातना शव्दले महिलाको हकमा दाईजो माग गर्ने दाईजो ल्याउन दवाव दिने वा दाईजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

सहयोगका लागि उजुरि गर्ने निकायहरू :
- प्रहरी कार्यालय
- राष्ट्रिय महिला आयोग :
- स्थानीय निकाय
- नगरपालिका/गाउँपालिका (उपमेयर/उपप्रमुख), वडा कार्यालय,

समस्या परेमा सहजै खबर गर्न सकिने नम्बरहरू
- लैङ्गिक हिंसा हेल्पलाइन (राष्ट्रिय महिला आयोग) :११४५
- प्रहरी कार्यालय : १००
- बाल हेल्पलाइन (बालबालिकामाथि हुने हिंसाका लागि) : १०९८

**जनहितमा जारी सन्देश**
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
**मधेश प्रदेश, जनकपुरधाम**

# घुम्ती शिविरबाट २७५ ले लिए लाभ



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको आदर्शनगरमा आयोजित घुम्ती शिविरबाट दुई सय ७५ जनाले लाभ लिएका छन् । मंगलबार बिहान आयोजित घुम्ती शिविरबाट महिला, बालबालिका र जेष्ठ नागरिक गरी दुई सय ७५ जनाले लाभ लिएका हुन् । शिविरमा आँखा परीक्षण गर्नेहरुमा दुई सय जना बालबालिका र ज्येष्ठ नागरिक तथा ७५ जना महिला रहेको वीरगंज सामुदायिक आँखा अस्पतालका मेडिकल कोअर्डिनेटार महेश सिंह धामीले जानकारी दिए । ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले घुम्ती शिविरमा आँखाको चेकजाँच गर्नुका साथै रगत, ब्लड प्रेसरसहित अन्य रोगहरुको समेत परीक्षण गरिएको बताए ।

पछिल्लो समय बढ्दै गइरहेको अत्याधिक गर्मीलाई मध्यनजर गरी शिविरमा सातु समेत खुवाइएको अध्यक्ष खेतानले बताए ।
वीरगंज समुदायिक आँखा अस्पताल, रुंगटा वेलफेयर सोसाइटी तथा ग्रीन सिटी समुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगर तथा ग्रीन सिटी समुदायिक सेवा केन्द्र आदर्शनगर–१० वीरगंजको संयुक्त आयोजनामा उक्त शिविरको आयोजना गरिएको थियो । ग्रीन सिटी समुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा भएको घुम्ती शिविरमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक दीपक भारती प्रमुख अतिथी रहेका थिए । कार्यक्रममा ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख भास्कर खतिवडालगायत विभिन्न संघसंस्था तथा कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# सर्पले डसेर एक युवकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा विषालु सर्पको डसाईबाट एकजना युवकको मृत्यु भएको छ । जिराभवानी गाउँपालिका वडा नम्बर १ भवानीपुरका ३३ वर्षिय महेश भैया थारुको मृत्यु भएको हो । उनलाई सोमबार साँझ विषालु सर्पले डसेको थियो । सर्पको डसाईबाट घाइते थारुलाई उपचारको लागी वीरगंजको नारायणी अस्पतालमा भर्ना गरिएको र उपचारकै क्रममा सोमबार राति नै मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकका बाबु रुपन थारुका अनुसार महेश खेतमा काम गरिरहेका बेला सर्पले डसेको थियो ।
विगत केही दिनयता तराई मधेशमा प्रचण्ड गर्मी बढेसँगै सर्पदंशको बिगबिगी बढेको छ । वीरगंजको नारायणी अस्पतालमा दैनिक सर्पदंशका घाइतेहरु आउने गरेको र दैनिक रुपमा चार/पाँच जनाको उपचार भइरहेको नारायणी अस्पतालका आकस्मिक सेवा कक्षका प्रमुख डा.दिलिप चौरसियाले बताए ।

# ‘मध्यरातमा अब डोल र गाग्री बोकेर इनारतिर जानु पर्दैन’

**महोत्तरी ।**
महोत्तरीको बर्दिवास–८ हात्तीलेटका बासिन्दाले खानेपानीको सङ्कट झेल्नु नपर्ने भएको छ । त्यहाँ खानेपानी सङ्कलन गर्न ट्याङ्की निर्माण भइसकेको छ । साथै पानी वितरणका लागि पाइप ओछ्याइन थालिएपछि यहाँका बासिन्दामा खानेपानीको सङ्कट समाधान हुन लागेको हो । बस्तीमा सरकारको तराई मधेश खानेपानी योजनाअन्तर्गत रु एक करोड ५० लाखको अनुदान सहयोगमा ‘ओभरहेड ट्याङ्की’ निर्माण भएको हो ।
‘अब खानेपानी पाइने आशा जागेको छ’, हात्तीलेटको सतखोली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष हरि रानाले भने, ‘अब खानेपानीका लागि सङ्कट झेल्नु पर्दैन ।’ योजनाको ओभरहेड, कार्यालय भवन, चौतर्फी पर्खाल र बोरिङ जडानलगायतका काम सम्पन्न भएपछि अहिले धमाधम पाइप ओछ्याउने र धारा जडानको काम थालिएको अध्यक्ष रानाले बताए । पाइप ओछ्याउने र धारा जडानसहितका काममा मधेस सरकार र बर्दिबास नगरपालिकाको साथ संस्थाले पाएको छ ।
योजनाको पाँच सय घरमा धारा पुर्याउने लक्ष छ । यसअनुसार अघि बढेको काममा अब आउने असार दोस्रो साताभित्रै तीन सय ५० घरका धारामा पानी झर्ने संस्थाले जनाएको छ । योजनाअन्तर्गत चार किलोमिटरभन्दा बढी पाइप ओछ्याइसकिएको रानाले जानकारी दिए । अहिले विद्युत् र धारा जडानको काम धमाधम भइरहेको छ । चालु आर्थिक वर्षको अन्त्यसम्म पाँच सय घरमै धारा जडान र पानी आपूर्ति गरिने लक्ष्यका साथ काम भइरहेको अध्यक्ष रानाले बताए ।
नगरक्षेत्रमा खानेपानीको सङ्कट झेल्नुपरेका बेला हात्तीलेटको कामले अन्य ठाउँका लागि सिकाइ हुने बर्दिवास नगरप्रमुख प्रल्हदकुमार क्षेत्री बताउँछन् । ‘हामी (नगरपालिका) नगरक्षेत्रका घरघरै धारा जडान गर्ने अभियानमा छौँ, ‘एक घर एक धारा’ हाम्रो अभियानको नारा हो’ नगरप्रमुख क्षेत्री भन्छन्, ‘सबै नगरवासीले स्वच्छ खानेपानी सहज रूपमा पाउने व्यवस्थाका लागि हामी प्रतिबद्ध भएर काममा लागेका छौँ ।’
जिल्लामा पानीका स्रोतका मुहान धमाधम सुक्दैछन् । यसरी जमिनमुनिको पानीको सतह गहिरिँदै जाँदा कैयन इनार र बोरिङ एकपछि अर्को सुक्दै जाँदा पछिल्लो दशकमा हात्तीलेटवासीले खानेपानी जुटाउन निकै सास्ती व्यहोर्दै आएका छन् । यो अभावका बीच ५० घनमिटर क्षमताको ओभरहेड ट्याङ्की निर्माणले हात्तीलेटवासीमा पानीको सङ्कट टर्ने नयाँ आशा पलाएको बर्दिबास–८ का वडाध्यक्ष शमशेरसिंह लामा बताउँछन् ।
पानीका लागि ६०–७० फिट गहिरो इनारबाट पालो पर्खेर पानी तान्नुपरेको विद्यमान दुःख अन्त्य हुने जनाइएको छ । धनमाया बलम्पाकीले भनिन् ‘अब भने नयाँ धारा चलेपछि मध्यरातमै डोल, गाग्री बोकेर इनारतिर जानु पर्दैन ।’ योजनाबाट दुई हजारभन्दा बढी यहाँका बासिन्दा लाभान्वित हुने सतखोली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था हात्तीलेटले जनाएको छ ।रासस

# नारायणीलाई मधेशको प्रमुख उपचार केन्द्र बनाउने मन्त्रीको दाबी



**मधेशदृष्टि**
**वीरगंज ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले वीरगंजको नारायणी अस्पताललाई तराई मधेशकै प्रमुख उपचार केन्द्रको रुपमा स्थापित गरिने दाबी गरेका छन् । गृहनगर वीरगंज आएका स्वास्थ्य तथा जनसख्यामन्त्री यादवले मंगलबार नारायणी अस्पतालको ओपिडी, फार्मेसी, पोस्टअप, ल्याबलगायतका विभिन्न शाखाहरुको स्थलगत अनुगमनपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै यस्तो दाबी गरेका हुन् । सो क्रममा उनले अदालतमा विचाराधीन रहेको नारायणी अस्पताल भवन निर्माणको मुद्दालाई फास्ट ट्रयाकमा सम्बोधन गर्न पहल भइरहेको बताए । उनले प्रधानमन्त्री र कानुनमन्त्रीसँग भेटेर मुद्दाको फैसला चाँडै गर्न आग्रह गरेको र फैसला भएसँगै भवन निर्माणको काम द्रुतगतिमा अगाडि बढ्ने विश्वास व्यक्त गरे ।
नारायणी अस्पतालको पूर्वाधार विकासदेखि औषधी उपकरण खरिदका लागि मन्त्रालयबाट विभिन्न प्याकेजहरू घोषणा गरेको मन्त्री यादवको भनाइ थियो । उनले समग्र देशको स्वास्थ्य क्षेत्रमा सुधार ल्याउनका लागि पूर्व स्वास्थ्यमन्त्रीसँग सहकार्य गर्दै विज्ञहरूको सुझाव अनुसार काम गरिरहेको बताए । सो अवसरमा मन्त्री यादवले अस्पतालमा भर्ना भएका बिरामीहरूसँग उपचार, चिकित्सक र स्वास्थ्यकर्मीहरूको व्यवहार, औषधीको उपलब्धता र अस्पतालका अन्य सेवाहरूको गुणस्तरबारे जानकारी लिएका थिए । बिरामीहरूले अस्पतालको फार्मेसीमा सबै प्रकारका औषधी उपलब्ध नभएको, ओपिडी टिकट काट्ने काउन्टरमा बढी भिडभाड रहेको र चिकित्सकहरूले ओपिडीमा पर्याप्त समय नदिएको गुनासो गरेका थिए ।
मन्त्री यादवले बिरामीका गुनासाहरूलाई तत्काल सम्बोधन गर्न अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. एनामुल हकलाई निर्देशन दिए । कार्यक्रममा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. एनामुल हकले अस्पतालको भवन पुरानो हुँदा बिरामीहरूको उपचारमा समस्या आएको बताउँदै अधिकांश भवनहरूको अवस्था जर्जर रहेको र वर्षायाममा पानी चुहिँदा उपचारमा कठिनाइ आउने समस्या रहेको जानकारी गराए ।
डा. हकले नारायणी अस्पताल तीन सय ५० बेडमा स्तरोन्नति भएको वर्षौं बितिसक्दा पनि कर्मचारी दरबन्दी एक सय बेड अनुसारको नै रहेको बताउँदै जनशक्ति अभावका कारण अपेक्षित ढङ्गले सेवा प्रवाह गर्न नसकेको बताए । उनले बेड अनुसारको दरबन्दी कायम गर्न आग्रह गरे । साथै, क्वाटर, मेसिनरी, र अन्य पूर्वाधारको अभाव समेत रहेको जानकारी दिए ।
अनुगमनको क्रममा सहभागी वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले नारायणी अस्पतालको स्तरोन्नतिलाई प्रमुख एजेण्डा बनाएर काम गर्न स्वास्थ्य मन्त्री यादवलाई आग्रह गरे । उनले त्यसका लागि आवश्यक सम्पूर्ण सहयोग वीरगंज महानगरपालिकाले उपलब्ध गराउने प्रतिबद्धता समेत व्यक्त गरे । नगर प्रमुख सिंहले अस्पतालका कर्मचारीका लागि आवासिय भवन निर्माण गर्न महानगरले जग्गा समेत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । अनुगमन कार्यमा नारायणी अस्पताल विकास समितिका अध्यक्ष धिरज गुप्ता, पूर्व प्रदेश सभा सदस्य जन्नत अन्सारी लगायतको सहभागिता रहेको थियो ।
यसअघि मंगलबार नै मन्त्री यादवले वीरगंज महानगरपालिकाको वडा नम्बर २ मा निर्मित ढलान सडक तथा नालाको उद्घाटन समेत गरेका थिए । सो क्रममा उनले सडक र नाला निर्माणसँगै त्यस क्षेत्रका बासिन्दाहरूले लामो समयदेखि खेप्दै आएको सास्तीको अन्त्य हुने विश्वास व्यक्त गरेका थिए ।

# नेपालमा उत्पादित कटहर भारतीय बजारमा लोकप्रिय



**जनकपुरधाम ।**
धनुषामा उत्पादित कटहर भारतीय बजारमा लोकप्रिय हुँदैगएको छ । विगतमा यातायातको सुविधा नभएका कारण नेपाली बजारमा मात्र बिक्री हुने कटहर अहिले भारतीय बजारमा बिक्रवितरण भइरहेको छ, जसबाट ग्रामीण क्षेत्रका युवाले आर्थिक लाभ लिन थालेका छन् । नेपाली कटहर स्वादिलो तथा पुष्टकर रहेकाले भारतीय भारतीय बजारमा यसको माग बढ्दै गएको स्थानीयले बताएका छन् ।
सीमावर्ती बजार हरिनेका कटहर व्यवसायी श्यामशङ्कर कामतले नेपाली कटहरको भारतीय बजारमा माग बढिरहेको बताए । वैशाखदेखि भदौ महिनासम्म कटहरको राम्रो व्यवसाय हुने गरेकोले यस व्यवसायमा आफूजस्तै विभिन्न स्थानका करिब पाँचसय युवा संलग्न रहेको उनले बताए । धनुषा जिल्लामा चार सय २८ हेक्टर जमिनमा कटहर खेती हुने गरेको तथा यसपटक चार हजार चार सय ६७ मेट्रिकटन कटहर फलेको कृषि ज्ञान केन्द्र धनुषाका बागबानी विकास अधिकृत प्रदीप यादवले जानकारी दिए । यसको तरकारी, आचार तथा पाकेपछि फलका रुपमा (कोवा) समेत खाने गरिएको उनले बताए ।
धनुषामा प्रति हेक्टर २० देखि २५ मेट्रिकटनसम्म कटहर उत्पादन हुने गरेको धनुषा जिल्लामा यसवर्ष राम्रो उत्पादन भएको ज्ञान केन्द्रले जनाएको छ । खासगरी धनुषाको उतरीक्षेत्र ढल्केबजार, महेन्द्रनगर, पोर्ताहा, धारापानी, लालगढ र वयलवास लगायतका ग्रामीण क्षेत्रमा कटहरको उत्पादन अर्थात खेती हुने गरेकोले त्यहीबाट कटहर किनेर भारतीय बजारमा बिक्री गरेको व्यापारी राहुल साहले बताए । बेरोजगार भई बसेका युवाले कटहर बेचेर राम्रो आम्दानी गर्न थालेपछि यस व्यवसाय तर्फ अन्य युवा पनि आकर्षित भई आर्थिक लाभ लिँदै आइरहेका छन् ।
अहिले यहाँका युवा साइकलमा कटहर राखेर सीमावर्ती भारतीय बजार जयनगर, उमगावँ, बासोपटी, हरिने, हरलाखी, मधुवनी, मधवापुर र भिठ्ठामोड जस्ता बजारसम्म लगेर बिक्रीवितरण गरी अत्यधिक मुनाफा गरिरहेका छन् । धनुषाका गाउँगाउँबाट कटहर किनेर बिक्री गर्न जाँदा भारती सुरक्षाकर्मीले भने अवरोध गरिरहेको कटहर कारोबारीहरुको गुनासो छ ।
कटहरको व्यावसायिक रुपमा बिक्रीवितरण बढ्दै गएकाले कटहर खेतीका लागि प्रदेश तथा स्थानीय सरकारले पकेट क्षेत्र घोषणा गरी विशेष कार्यक्रम ल्याउनुपर्ने किसानको माग छ ।रासस

# ‘आइपिभी खोप’ लगाउन उत्साहजनक सहभागिता

**वीरगंज ।**
पर्सामा पोलियो रोगविरुद्धको आइपिभी खोप शतप्रतिशतकै हाराहारीमा बालबालिकालाई लगाइएको दाबी गरिएको छ । जिल्लास्तरीय खोप समन्वय समिति सचिवालय पर्साले गत यही जेठ १३ देखि २७ गतेसम्म पोलियो खोप अभियान सञ्चालन गरेको थियो । पर्सा स्वास्थ्य कार्यालयका प्रमुख डा मुक्तिनारायण साहले जिल्लामा पोलियो रोगविरुद्धको आइपिभी खोपमा बालबालिकाको उत्साहजनक सहभागिता रहेको बताए । ‘जिल्लाको १४ वटै पालिकामा आइपिभी खोपमा बालबालिकाको सहभागिता निकै उत्साहप्रद रह्यो’ उनले भने, ‘हामीले खोप लगाएका बालबालिकाको प्रारम्भिक तथ्याङ्कले पनि शतप्रतिशतकै हाराहारीमा पुग्ने देखिएको छ । अहिलेसम्म अन्तिम तथ्याङ्क भने आइसकेको छैन ।’
विसं २०७३ वैशाखदेखि २०७५ असोजभित्र जन्मिएर पनि आइपिभी खोप लगाउन बञ्चित बालबालिकालाई लक्षित गरेर खोप अभियान सञ्चालन गरिएको थियो । जिल्लास्तरीय खोप समन्वय समिति सचिवालयले पर्सा जिल्लाका ३१ हजार आठ सय १२ जना बालबालिकालाई आइपिभी खोप लगाउने लक्ष्यसहित अभियान सुरुआत गरेको थियो । प्रमुख डा साहले खोप अभियानमा लक्ष्यभन्दा पनि केही प्रतिशत बढी बालबालिकामा खोप लगाइएको दाबी गरे । ‘वीरगंजमा अन्य क्षेत्रबाट बालबालिका आउने क्रम धेरै हुने भएकाले पनि लक्ष्यभन्दा धेरै बालबालिकाले खोप लगाउन पाएका छन्’ उनले भने, ‘खोप अभियानका क्रममा कुनै पनि प्रकारको अवाञ्छित घटना भएन । सबै निकायको समन्वय र सहकार्यमा खोप अभियानलाई सफलतापूर्वक अघि बढाउन सक्यौँ ।’
पर्सामा पहिलो चरणमा जेठ १३ देखि १६ गतेसम्म वीरगञ्ज महानगरको १ देखि १६ सम्मको वडामा खोप अभियान सञ्चालन गरिएको थियो । त्यस्तै सोही अभियानमा बहुदरमाई नगरपालिका सहित विन्ध्वासिनी, पकहामैनपुर, छिपहरमाई, कालिकामाई, धोबिनी र ठोरी गाउँपालिकामा खोप अभियान सञ्चालन गरिएको थियो । त्यस्तै दोस्रो चरणमा भने जेठ २३ देखि २६ गतेसम्म सञ्चालन गरिएको थियो । सोही अभियानमा पोखरिया र पर्सागढी नगरपालिका सहित जिराभवानी, जगरनाथपुर, पटेर्वासुगौली र सखुवाप्रसौनी गाउँपालिकाका बालबालिकाममा खोप लगाइएको थियो । सोही अभियानमा वीरगंज महानगरपालिका वडा नम्बर १७ देखि ३२ नम्बर वडा क्षेत्रमा खोप लगाइएको थियो । यस्तै, जेठ २७ गते छुटफुट भएका बालबालिकालाई खोप लगाइएको थियो । पोलियो रोगविरुद्धको खोप दुई प्रकारका रहेका हुन्छन् । मुखबाट खुवाइने पोलियो खोप (ओपिभी) सुईबाट दिइने पोलियो खोप (आइपिभी) भन्ने गरिन्छ ।रासस

*अर्काको गल्तीबाट तुरिन्तै सिकिहाल*
*किनकी सबै गल्ती आफैँ गरेर सिक्नपरुन्जेल*
*तिमी बाँच्दैनौ ।*
*–चाणक्य*

## सम्पादकीय

# जसपाको प्रतिवेदन र सपेराको सर्प

*जनता समाजवादी पार्टी (जसपा) नेपालको जनकपुरधाममा महाधिवेशन जारी छ । पार्टी अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वकै गणतान्त्रिक धारको सरकारले संघीयताको जननी मानिने जसपा नेपाल विभाजन गराएको प्रतिवेदनमा लेखेका छन् । सरकारले राजकीय स्रोतसाधन र शक्ति दुरुपयोग गरेर जसपा नेपाल विभाजन गराएको लिखित प्रतिवेदन नै आएको छ । यो प्रतिवेदनले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव गणतन्त्रका धरोहर मानिनुहुने पुष्पकमल दाहालसँग कति दूर पुग्नु भएछ भन्ने अनुमान गर्न सकिन्छ । यो दूरी बढाउनु पर्ने बाध्यताबारे प्रधानमन्त्रीले अहिलेसम्म बोल्नु भएको छैन । तर संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको एउटा पाटोमा मधेश आन्दोलन र मधेशी जनताको त्याग, समर्पणसँगै जोडिएका उपेन्द्र यादवको यो हालत नपार्दासम्म प्रचण्ड सरकार ढल्ने 'सदावहार खतरा'को जुवाघर प्रचण्डले भत्काउनु भएको अनुमान सबैले गरेका छन् । यसमा नेकपा एमालेको जोडबल छ, माओवादीको समर्थन छ र रास्वपाले पनि ठीक नै ठानेको छ । यसैले उपेन्द्र यादवले प्रतिवेदनमै यस्तो लेखेका छन् ।*

*खासमा प्रचण्ड सरकारले संघीयता बलियो पार्न साना पार्टी विभाजन होइन, प्रदेशलाई अधिकारसम्पन्न बनाउन जरुरी थियो । प्रदेश सरकारमा प्रहरी समायोजनका मुद्दा २०८० मंसिरदेखि पेचिलो बनेर बसेको छ । प्रदेश सरकारको आफ्नै प्रहरी, प्रशासन र कर्मचारी संयन्त्र छैन । कर्मचारी ऐन ल्याएर अन्यौलता हटाउने, प्रदेशलाई अधिकारसम्पन्न बनाउने काममा प्रधानमन्त्रीले मुख्यमन्त्रीहरुसँग पटकपटक गरेको वार्ता निष्कर्षमा पुग्न सकेन । प्रदेशलाई प्रहरी दिन सकिन्न भन्न पनि नसक्ने र नदिने अनि दिन्छु भनिरहने बानीले प्रदेश सरकारहरु निकम्मा, कर्मयोगी बन्न निषेधको अवस्थामा पुगेका छन् । केन्द्र गठबन्धनको जुवामा जसलाई दाउ पर्छ, उसैलाई प्रदेश सत्ता पनि भाग पर्छ । अर्थात् सपेराले रोजेर सर्प नचाए झैँ भएका छन् प्रदेश सरकार र प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरु । केन्द्रको गडबडले प्रदेश पनि बिरामी हुनुपर्ने लोकतन्त्र र गणतन्त्रमा समस्या पहिचान गर्नु पर्नेमा जसपा नेपालजस्ता गणतन्त्र र संघीयताका मुद्दामा सारथिहरु फुटाउनु पर्ने बाध्यता सरकारलाई थोपरिन थालेको छ ।*

*जनताले गरेको लामो सङ्घर्ष, त्याग र बलिदानद्वारा स्थापित सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षताविरूद्ध प्रतिगामी तथा यथास्थितिवादी लोकतन्त्रविरोधी शक्तिहरू प्रतिक्रान्तिका षड्यन्त्र बुनिरहेका छन् । यो षड्यन्त्रले लोकतन्त्र खतरामा पर्ने भन्दै जसपाले चिन्तन गरिरहँदा किन जसपाजस्ता पार्टीहरु विभाजन गरेर सत्ताको 'लुतो निको भएको' बुझिरहेका छन् ? आफ्नो बहुमत स्थायी गर्न अरुको पार्टी नै विभाजन गर्ने काम लोकतन्त्रको कुरुप पाटो बनेको छ । यो यति धेरै कुरुप देखिएको छ कि, सत्ता छिनाझप्टीले गणतन्त्रका सुन्दरताहरु मेटिँदै गएका छन् । ठूला पार्टी सपेरा बनेका छन् र साना पार्टीका सांसदहरु सपेराको बिन बजेपछि नाच्ने सर्प भएका छन् । तिनको हैसियत सपेराको इशारामा नाच्नुबाहेक अरु देखिएको छैन । उपेन्द्र यादवको राजनीतिक भविष्य अहिले गोलमाल पारेर नाचेका सर्पहरु पनि राजनीतिका बेइमान हुन् । भोलि यिनका सपेरा परिवर्तन हुँदा कुन आसनमा नाच्ने भन्ने तयारी गर्न नभ्याउँदै उपेन्द्र यादव झैँ कमजोर पारिन्छु भनेर बुझ्न ढिलाइ नगर्दा हुन्छ ।*


## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशद्दष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com


# बालश्रम र हाम्रो समाजको नियति



सञ्जय साह मित्र



भनिन्छ, बालबालिका भोलिका कर्णधार हुन् । अर्को तर्क यो पनि दिइन्छ कि बालबालिका भोलिको होइन आजकै कर्णधार हुन् । बालबालिकाको लागि हरेक दिन महत्वपूर्ण हुन्छ।

हुन त बाल उमेरको विषयमा मतैक्य पाइन्न । विवाहको दृष्टिकोणले बिस वर्ष नपुगी गरिएको विवाहलाई बालविवाहको सिमाभित्र राखिएको छ । अन्य क्षेत्रमा भने फरक दृष्टिकोण पाइएको छ । उमेरले अठार वर्ष पुगेपछि मत दिन पाउने अधिकार दिइएको छ । यसलाई बालिग मताधिकारअन्तर्गत राखिएको छ । मत दिने दृष्टिकोणले अठार वर्ष पुगेपछि बालिग मताधिकारको परिभाषाको क्षेत्रभित्र अटाउने तर विवाहको दृष्टिकोणले भने अठार वर्षको उमेरलाई बाल उमेर नै मानिएको पाइएको छ । फेरि अर्को उदाहरण पनि, प्रहरी सेवा तथा सुरक्षा आ निजामती तथा शिक्षक सेवातिर पनि हेर्ने हो भने अठार वर्षको उमेरलाई अधिकांश क्षेत्रले नोकरीको उमेर मानेको छ । सरकारी सेवामा प्रवेश गर्नको लागि योग्य उमेर विवाहको दृष्टिकोणले भने बाल उमेरमा राखिएको पाइएको छ । हुन त बाल उमेर भनिए पनि त्यत्ति कडाइ गरिएको पाइएको छैन । हरेक गाउँमा, उमेर नपुगेको वा बिस वर्ष पूरा नभएका बालबालिकाको विवाह हुने गरेको छ । कतैबाट कुनै किसिमको रोकावट नभएको वर्तमान परिवेशमा विवाह भए पनि विवाह दर्ता नहुँदा समाजका केही अप्ठ्यारो परेको देखिएको छ । अझ कतिपयको त सन्तान पनि जन्म भइदिन्छ । बिस वर्ष पूरा नभई विवाह भएको र सन्तान पनि भइदिँदा सन्तानको जन्म दर्तामा समस्या हुन्छ । हो, यसले बाल अधिकारको क्षेत्रमा पनि अलिकति समस्या सिर्जना गरेको छ । जन्म दर्ता गर्न पाउनु, वर्तमान परिवेशमा, बालबालिकाको नैसर्गिक अधिकार हो तर मातापिताको बाल विवाहका कारण सन्तानको जन्म दर्ता नहुँदा देखिने समस्याले बाल अधिकारको अन्य क्षेत्रमा पनि प्रभाव पारेको देखिएको छ।

बालबालिकाको पढाइको उमेरको विषयमा पनि मतभिन्नता रहेको पाइन्छ । बालबालिकालाई औपचारिक रुपमा विद्यालय पठाउने उमेर कुन हो ? अहिले त दुई वर्ष नपुग्दै बालबालिकालाई विद्यालय पढाउन पठाउन थालिएको छ । बालबालिकाले पढाइबारे केही बुझ्दै नुबुझी यति धेरै किताब र अन्य सामग्री बोकेका हुन्छ कि त्यो भारीले थिचिएका हुन्छन् । अलिकति परिभाषित गर्नु जरुरी छ कि यस किसिमको कामलाई बालश्रमभित्र राख्न मिल्छ कि मिल्दैन । प्ले ग्रुपमा खेल्न वा खेलाउन पनि सकिन्छ । यद्यपि बालबालिकाको नितान्त सामाजिकीकरण गर्ने उमेरमा, आमाको रेखदेख हुनुपर्ने उमेरमा, घरमा नै धेरै कुरा सिक्नु पर्ने उमेरमा विद्यालयमा पठाएर कतै समाजबाट अलग्याउने काम त भइरहेको छैन ? यस विषयमा अलिकति आधुनिक समाजले गम्भीरतापूर्वक विचार गर्नु परेको छ । शिक्षाको उद्देश्य के हो ? शिक्षाको लागि पहिले मानसिक रुपमा कस्तो तयारी बालबालिकालाई परिवारमा गर्नु वा गराउनु पर्छ भन्ने विषयमा पनि समाजले विचार गर्नुपर्छ । सचेत अभिभावकले यस विषयमा समाजमा सकारात्मक चर्चा चलाउनु आवश्यक देखिएको छ।

हाम्रो समाजमा, अहिले मुख्य गरी, ग्रामीण र सहरी गरी दुई किसिमले विभाजन भएको छ । सहरी समाजमा बालबालिकालाई बौद्धिक बालश्रम गराइएको पाइएको छ भने ग्रामीण क्षेत्रमा बालबालिकालाई शारीरिक श्रममा लगाइएको पाइएको छ । बाल श्रमको दृष्टिकोणले सहर र गाउँमा केही भिन्नता त छ तर बाल श्रम दुवैतिर रहेको छ । गाउँघरका बालबालिका उमेर अनुसार, हरेक काममा संलग्न भइरहेका छन् । घरायसी काममा पनि बालबालिकाको संलग्नता रहेको छ भने घरभन्दा बाहिरको आर्थिक क्रियाकलापमा पनि प्रत्यक्ष संलग्ता रहेको पाइएको छ । ग्रामीण क्षेत्रका बालबालिका बाख्रा चराउन जाने, घाँट काट्ने, आफ्नो खेतमा गोडमेल गर्ने जस्ता कामहरु सजिलै गरिरहेका हुन्छन् । बालबालिकाहरु दिनभर यस किसिमका आर्थिक क्रियाकलापमा संलग्न भइरहेका पनि हुन्छन् । यसबाट यो पनि बुझिन्छ कि अझै पनि हरेक बालबालिका विद्यालयमा हुँदैनन् । केही बालबालिका विद्यालयभन्दा बाहिर पनि रहेका छन् । विद्यालय जाने उमेरका बालबालिका जो घरबाहिर रहेका छन्, तिनीहरुमध्ये अधिकांश विपन्न समुदायका छन् । विपन्न समुदायका अभिभावकमा नै आफ्ना बालबालिकालाई विद्यालयमा राम्ररी पढाउनु पर्छ भन्ने चेतना छैन । अर्को, बालबालिका आर्थिक क्रियाकलापमा संलग्न भइरहँदा अभिभावकलाई खुसी वा सन्तुष्टि दिइरहेको हुन्छ । अभिभावकले आफ्नो गरिबीको कारणले मात्र बालबालिकालाई श्रममा लगाइरहेका हुन्छन् भन्ने होइन, बालबालिकाले आर्थिक उपार्जन पनि गर्दछन् भन्ने कारणले पनि हो । पढेर पनि कुनै नोकरी पाउँछ भन्ने निश्चितता हुँदैन । गाउँ समाजमा धेरै मानिस बेरोजगार हुन्छन् । ती बेरोजगारलाई देखेर धेरै अभिभावकमा निराशा हुन्छ । निराशाले बाल श्रमतर्फ अभिभावकलाई अप्रत्यक्ष रुपमा अभिप्रेरित गरिरहेको हुन्छ । अभिभावकको कारण बाल श्रम उन्मूलनमा अपेक्षित सफलता पाउन सकिएको छैन भन्ने कुरा समाजले बुझ्नु पर्छ।

अहिलेको युग आर्थिक युग हो । मानिसलाई पैसा कमाउनु परेको छ । पैसा कमाउनको लागि मानिसले देशदेखि विदेशसम्म परिश्रम गरिरहेका छन् । ग्रामीण क्षेत्रमा, मुख्य गरी विपन्न समुदायमा अझै पनि यही धारणा रहेको छ कि पढेलेखेर पनि पैसा नै कमाउने हो भने सानैदेखि किन अभ्यस्त नबनाउने ? यसरी ग्रामीण क्षेत्रमा गरिबी र अशिक्षाबिच नङ र मासुको सम्बन्ध रहेको छ । तर बालबालिकालाई श्रम गर्नबाट रोक्नु पर्छ । बालबालिकालाई विद्यालयमा नै सिक्ने सिकाउने कार्यक्रमसित जोडेर बरु व्यवस्थित सिकाइ र व्यावहारिक सिकाइ तथा वैज्ञानिक सिकाइ पद्धति संचालन गर्न सकिन्छ । आजभोलि विद्यालयमा कुनै पनि काम गर्न नलगाउने प्रवृत्तिको विकास भएको छ तर विभिन्न देशमा भने बालबालिकालाई श्रम त होइन, काम गर्न सिकाइन्छ र श्रमप्रति सम्मान गर्ने वातावरण बनाइन्छ । पहिले नेपालमै पनि कतिपय विद्यालयमा पढाइअनुसारको काम सिकाइन्थ्यो । उदाहरणको लागि कृषि विषयल लिएर माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीले विद्यालयको जमिनमा उसको रुचि र विषयको पाठमा उल्लेखित कुनै बाली हेरी कम्तीमा एक बाली उत्पादन गर्नुपथ्र्यो । कक्षा दशमै यो हालत थियो कि जबसम्म कुनै एक बालीको उत्पादन गरिँदैनथ्यो तबसम्म प्रयोगात्मक नम्बर कम आउला वा प्रयोगात्मकमै फेल हुँला भन्ने डर रहन्थ्यो । यस किसिमको व्यावहारिक शिक्षा जसले श्रमप्रति सम्मान दर्शाउँदै श्रम गर्नलाई सिकाउने हुनुपर्छ भन्ने धारणा पनि समाजमा रहेको छ।

गाउँमा, अझै पनि, बालबालिकालाई काम सिकाउनु पर्छ भन्ने धारणा विद्यमान छ । गाउँका मानिस श्रम गर्दछन् । श्रमसित गाउँको धेरै घनिष्ट सम्बन्ध छ । गाउँले श्रम गर्न जानेकोले गाउँको संस्कृति श्रम संस्कृति हो । जे जे हामी संस्कृति भन्दछौँ वा मान्दछौँ ती सबैमा श्रमको भूमिका महत्वपूर्ण हुन्छ । गाउँमा श्रमको भूमिका महत्वपूर्ण हुने हुनाले एक बालिका भान्साघरमा कति खेर के के पकाउन वा भान्साको काम गर्न सिकिसक्छिन्, त्यो सामान्यतया उनलाई पनि पत्तो हुँदैन । भान्साको सबै काम त होइन तर आमालाई पर्याप्त सहयोग गर्ने उमेरसम्म बालिकाले आफूले सहयोग गरेको हो वा सिकेको वा जे गरेको हो त्यो बाल श्रम हो भन्ने पत्तो नपाउनु संस्कृतिकै कारणले हो । जब हामी गाउँको जीवनलाई नजिकबाट नियाल्छौँ तब यो पाउँछौँ कि श्रम त हरेक पाइलामा छ । कण कणमा श्रम छ र गणनायोग्य वा अगणनीय हरेक श्रममा बालबालिकाको उपस्थिति रहेको छ । बालबालिकाहरुले करिब सबै आर्थिक, गैरआर्थिक तथा अमूर्त संस्कृतिको निर्वहनमा भूमिका निर्वाह गरिरहेको देखिन्छ । यद्यपि समयक्रममा विस्तारै कम भइरहेको छ तर यो कदापि होइन कि तत्काल बाल श्रमको प्रकृति लोप भइहाल्ने अवस्थामा रहेको छ।

ग्रामीण समाज कृषि प्रधान समाज हो । गाउँघरलाई अझै पनि अशिक्षा र गरिबीले गाँजेको छ । अशिक्षा तथा गरिबीको सम्बन्ध केही हदसम्म चेतनासित पनि हुन्छ । गाउँमा अन्धविश्वास हुनु स्वाभाविक पनि हो । अशिक्षा, गरिबी, चेतनाको अभाव तथा अन्धविश्वासले गर्दा गाउँमा बाल श्रम अझै रहेको छ । सोझै बाल श्रमलाई हटाउन सकिँदैन । एक अर्कासित सम्बन्धित कारणहरुलाई निवारण गर्नुपर्छ अनि बाल श्रम विस्तारै कम हुँदै जान्छ । बाल श्रम ग्रामीण समुदायको स्वाभाविक नियति रहेको छ । यसलाई विस्तारै हटाउँदै लैजानु परेको छ । आजको दिन, कमसेकम, बाल श्रमबारे समाजमा जागरण ल्याउनु पर्छ।

# सांसदको प्रश्न– सदनमा उठाएका विषयमा किन सुनुवाइ हुँदैन ?



**काठमाडौँ ।**
राष्ट्रियसभाका सांसदहरुले आफूहरुले बैठकमा उठाएका जनजीविकासम्बन्धी सवालमा सरकारले जवाफदेहिता नदेखाएको टिप्पणी गरेका छन् । सभाको मंगलबारको बैठकको शून्य समयमा सांसद कमला पन्तले भनिन्, 'हामी संसद्मा जनजीविकाबारे बोल्छौ तर कुनै पनि विषयमा सरकारले सुनवाइ गरेको जस्तो लाग्दैन ।' उनले सांसदले उठाएका विषयमा सातामा एकपटक भए पनि सरकारले जवाफ दिनुपर्ने माग गरे ।

सांसद कृष्णप्रसाद पौडेलले मौसमविद्हरुले यस वर्ष सरदरभन्दा बढी पानी पर्ने भनेर विश्लेषण गरेको र तराईमा बाढी र डुबानका कारण करिब १८ लाख मानिस प्रभावित हुनसक्ने अनुमान गरिएको बताए । साथै उनले बाढी पहिरोको उच्च जोखिममा भएका नागरिकलाई सरकारले सुसुचित गरिएको भएपनि जनधनको क्षति न्यूनीकरण गर्ने योजना के छ ? भनी प्रश्न गरे । सांसद गोमादेवी तिमिल्सिना देशभर साना र ठूला गरी ५६ वटा विमानस्थल भएपनि १३ वटा अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरका रहेको तर विभिन्न जिल्लामा भएका १२ वटा विमानस्थल गौचरणमा परिणत भएको बताए । सांसद दुर्गा गुरुङले सुर्खेतको वीरेन्द्रनगरमा बत्ती भएपनि भोल्टेज नपुग्ने र धारामा पानी नआउने समस्या रहेको उल्लेख गर्दै सरकारको ध्यानाकर्षण गराइन् ।

सांसद नारायणदत्त मिश्रले नेपालमा मनसुन भित्रिसकेको उल्लेख गर्दै सुदुरपश्चिमका टीकापुर, भजनी र जोशीपुरमा सधैँ बाढीको समस्या हुने गरेकोतर्फ सरकारको ध्यानाकर्षण गराए । सांसद भुवनबहादुर सुनारले सरकारले कृषिलाई प्राथमिकता दिएपनि कति कृषि बाली र फलफूलहरु मौसमी मात्र रहेको भण्डारको समस्या रहेको अवगत गराउँदै शीत भण्डारलाई प्राथमिकतामा राख्न सरकारसँग आग्रह गरे । सांसद मदनकुमार शाह गरिमाले रसी सेनामा नेपाली युवा भर्ना भएको र तीमध्ये कैयौँको मृत्यु भएको तथा केही बेपत्ता भएको विषयमा सरकारको ध्यानाकर्षण गराए । सांसद युवराज शर्माले नेपालमा सञ्चालित उद्योगहरुको बक्यौता रहेको विद्युत् महसुलका सम्बन्धमा गठित आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरे । रासस

# आर्थिक अस्थिरताप्रति उपराष्ट्रपतिद्वारा चिन्ता व्यक्त



**ललितपुर ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले जलवायु परिवर्तन, वातावरणीय ह्रास, सामाजिक असमानता र आर्थिक अस्थिरताप्रति चिन्ता व्यक्त गरेका छन् । मध्यपश्चिम र नेपाल खुला विश्वविद्यालयको आयोजनामा यही जेठ ३२ गतेसम्म सञ्चालन हुने ३०औँ दिगो विकास अनुसन्धानसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको मंगलबार ललितपुरमा आयोजित उद्घाटन समारोहमा उनले पछिल्लो समय विश्वले सामना गर्दै आएका जलवायु परिवर्तन, वातावरणीय ह्रास, सामाजिक असमानता र आर्थिक अस्थिरतालगायत चुनौती विशाल र जटिल बन्दै गएकामा चिन्ता व्यक्त गरे ।

'जलवायु परिवर्तन, वातावरणीय ह्रास, सामाजिक असमानता र आर्थिक अस्थिरता हाम्रो मुख्य चुनौती हो, यद्यपि, यी चुनौतीभित्र समाज र अर्थतन्त्रलाई समान र दिगोरूपमा रूपान्तरण गर्ने महत्वपूर्ण अवसर पनि रहेका छन' उनले भने, 'नवीकरणीय ऊर्जा प्रवद्र्धन, वन संरक्षण, दिगो कृषि र पर्या–पर्यटनमार्फत ग्रामीण समुदायलाई सशक्तीकरण गर्ने नेपालको प्रयास वातावरणसँग सुमधुर सम्बन्ध कायम गर्ने केही महत्वपूर्ण उदाहरण हुन् ।' विश्व नै जलवायु परिवर्तनको चपेटामा परेकाले यसको असर न्यूनीकरणमा एउटा देशको प्रयासले मात्र नपुग्ने उनको भनाइ थियो । उनले कुनै पनि राष्ट्रले विश्वव्यापी चुनौतीलाई एक्लै सम्बोधन गर्न नसक्ने भन्दै यी सबै चुनौतीको विश्वव्यापी समाधान आवश्यक रहेकोमा जोड दिए ।

उपराष्ट्रपति यादवले सम्मेलनले विश्वव्यापी सहयोगको भावना अभिवृद्धि गर्दै सुनौलो र दिगो भविष्य निर्माणका लागि साझा प्रतिबद्धताका साथ अघि बढ्न उत्प्रेरित गर्ने विश्वास व्यक्त गरे ।

'नेपालको समृद्ध संस्कृति र प्राकृतिक वैभवस्थलमा भइरहेको यो जमघटले मानव सभ्यता र प्रकृतिबीचको दयनीय अवस्थालाई सन्तुलन कायम गर्न सक्नुपर्दछ । दिगो विकासप्रति हाम्रो प्रतिबद्धता छँदैछ, सिङ्गो पृथ्वीको संरक्षण गर्दै भाविपुस्ताको भविष्य सुरक्षित राख्न पनि हामी कटिबद्ध छौँ ।'

उनले विभिन्न अनुसन्धान पृष्ठभूमिसहितका विज्ञहरू यो सम्मेलनमा आ–आफ्ना ज्ञान, रणनीति र अनुसन्धान साझा गर्न भेला भएको जानकारी पाएर आफूलाई खुसी लागेको बताए ।

'म तपाईंहरू प्रत्येकलाई सक्रियरूपमा छलफलमा संलग्न हुन, आफ्ना वैज्ञानिक तथ्य साझा गर्न र नवीन समाधान प्रस्तुत गर्न आग्रह गर्दछु' उनले भने, 'परम्परागत ज्ञान प्रणालीको महत्व, नवीकरणीय ऊर्जाको भूमिका, संरक्षण प्रयासको आवश्यकता र दिगोपनलाई सम्बोधन गर्न अत्याधुनिक प्रविधिलाई पनि आत्मसात् गर्दै अगाडि बढ्न आवश्यक छ ।' उनले नेपाल दिगो विकास क्षेत्रको समस्याको अभिनव समाधान र सहयोगको पक्षमा रहेको बताए । सम्मेलनमा ५० देशका तीन सयभन्दा बढी प्राध्यापक वैज्ञानिक, अनुसन्धानकर्ता र नीतिनिर्मातालगायत सहभागिता छ । रासस

# हावाहुरीले बालीनालीमा गरेको क्षतिको राहतको माग



**काठमाडौँ ।**
सांसदहरुले केही दिनअघि तराईका विभिन्न जिल्लामा भीषण हुरीका कारण स्थानीयका घर र बालीनालीमा ठूलो क्षति पुर्याएको उल्लेख गर्दै प्रभावित किसानलाई सरकारले उचित राहत र क्षतिपूर्ति दिनुपर्ने माग गरेका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा उनीहरुले वर्षायाम सुरु हुन लागेको र रोपाइँ सुरु हुनुअघि नै किसानलाई समयमै मल, बीउ र सिँचाइको प्रबन्ध गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराए ।

सांसद तेजुलाल चौधरीले नेपाल कृषिप्रधान देश भए पनि मलका लागि किसान दिनभर लाइन लाग्नुपर्ने र रित्तो हात घर फर्किनुपर्ने बाध्यता रहेको भन्दै सरकारको ध्यानाकर्षण गराए । सांसद ठाकुरप्रसाद गैरेले जुनसुकै सरकारी अफिसमा जाँदा कार्यालयको अगाडि दर्जनौँ गाडीहरु बेवारिसे अवस्थामा देखिने गरेको बताए । उनले भने, 'त्यसले वातावरण प्रदूषण त गराउँछ नै कार्यालय परिसर सुन्दर पनि देखिन्न, त्यसमाथि अर्बौंको सम्पत्ति खेर भइरहेको छ । यो क्षति कहिलेसम्म हेरेर बस्ने हो ? सरकारलाई स्पष्ट रुलिङ होस् ।' सांसद डा तोसिमा कार्कीले स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड २०७७ मा स्वास्थ्य संस्था तथा अस्पतालहरुले अनिवार्यरुपमा विपन्न नागरिकका लागि १० प्रतिशत शय्या छुट्याइ निःशुल्क सेवा दिनुपर्छ भनिएको छ तर यो लागू नभएको भन्दै सरकारको ध्यानाकर्षण गराइन् । सांसद दामोदर पौडेल बैरागीले कास्की पोखराको यम्दी निस्किने सडक निर्माण रकम भुक्तानी नहुँदा काम रोकिएको बताए । सांसद दीपक गिरीले दाङको देउखुरी राप्ती गाउँपालिका मसुरिया ३ मा विद्युत्को तार चुँडिएर स्थानीयको मृत्यु भएको भएका सन्दर्भमा सरकारको ध्यानाकर्षण गराए । साथै उनले यस्तो घटना दोहोरिन नदिन र मृतकका परिवारलाई क्षतिपूर्ति दिन घाइते भएकालाई निःशुल्क उपचार क्षतिपूर्ति र रोजगारीको व्यवस्था गर्न माग गरे । सांसद दीपकबहादुर सिंहले देशभरि हावाहुरीका कारण गाउँबस्तीमा घर टहरा र किसानले लगाएको मकै, केरा, मेवा, फलफूलमा क्षति पुगेको भन्दै चाँडोभन्दा चाँडो राहतको व्यवस्था गर्न सरकारसँग माग गरे । सांसद दुर्गा राईले सङ्घीय प्रतिनिधिसभा नियमावलीमा महिला समन्वय समिति बनाउन सकिने व्यवस्था रहेको तर आजसम्म पनि समिति बन्न नसकेकोप्रति ध्यानाकर्षण गराइन् । सांसद देवप्रसाद तिमिल्सिनाले मनाङको नासु गाउँपालिकास्थित दूधखोलामा २०७३ सालदेखि सुरु भएको पुल हालसम्म पनि निर्माण सम्पन्न नभएको भन्दै तत्काल निर्माण सम्पन्न गर्नका लागि आवश्यक पहल गर्न माग गरे । सांसद देवेन्द्र पौडेलले बागलुङ खोलाको बीचमा लामो समयदेखि पिलर ठड्याएको तर अहिलेसम्म पुल नबनेका सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउँदै तत्काल निर्माणका लागि माग गरे । सांसद धनराज गुरुङले बुटवल पावर कम्पनीले हालै ४३ प्रतिशतदेखि ७० प्रतिशतसम्म विद्युत् महसुल वृद्धि गरेकाले स्याङ्जामा सेवाग्राही तथा उपभोक्ता समस्यामा परेको भन्दै समस्या समाधानका लागि माग गरे । सांसद प्रेम सुवालले प्रधानमन्त्री र मन्त्रीहरुको विदेश भ्रमणअघि केके विषयमा कुराकानी हुने हो त्यसबारेमा सदनलाई जानकारी गराउन माग गरे । सांसद वासुदेव घिमिरेले जलवायु परिर्वतनका कारण नेपालको तराई क्षेत्रमा अत्यधिक तातक्रम बढेको र त्यसका लागि वृक्षरोपण र तालतलैया संरक्षणको अभियानमा लाग्न सरकारको ध्यानाकर्षण गराए । सांसद विन्ध्वासिनी कंसाकारले समाजमा मानसिक स्वास्थ्यलाई धेरै ध्यान दिनुपर्ने जरुरी भएका र त्यसका लागि छुट्टै 'हटलाइन' सेवाको सुरुआत गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराइन् । सांसद विना देवीले मधेश प्रदेश कृषिका लागि महत्वपूर्ण भए पनि पानी नपरेकाले बाली लगाउन पाएको नपाएको हुँदा सिँचाइको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराइन् । सांसद विनिता कठायतले मुगुको उत्तरी भेगको करिब एक हजार तीन सय घरधुरीले खानेपानीको समस्याका भोग्नुपरेको र सो स्थानका बासिन्दा खानेपानीको व्यवस्था गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराए । सांसद विमला सुवेदीले नुवाकोटको सडक निर्माणलाई तीव्रता दिन सरकारको ध्यानाकर्षण गराइन् । सांसद प्रदीप पौडेलले सरकारी कार्यालयमा राम्रो व्यवहार नहुने र ढिलासुस्ती हुने गरेको उल्लेख गर्दै युवामा बढेको निराशा हटाउन पनि सेवाग्राहीसँग राम्रो र उचित व्यवहार गर्न आग्रह गरे । रासस

# अस्थिरताले महत्वपूर्ण काम समयमै हुन सकेनन्ः मख्यमन्त्री



**विराटनगर ।**
कोशी प्रदेश सरकार मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राजनीतिक अस्थिरताका कारण कोशी प्रदेशमा महत्वपूर्ण काम समयमै हुन नसकेको धारणा राखेका छन् । प्रदेश योजना आयोगद्वारा आयोजित 'प्रदेश विकास परिषद्' बैठकको मंगलबार यहाँ उद्घाटन गर्दै उनले समयमै आयोजना सम्पन्न गर्नेतर्फ सरकारको ध्यान गएको बताए । मुख्यमन्त्री कार्कीले सो वैठकको छलफलका क्रममा उठेका मूलभूत विषय नयाँ बजेटमा समावेश गरिने बताए । उनले सप्तकोशी नदी किनारमा रहेको महाकुम्भ क्षेत्रको विकास गरी धार्मिक पर्यटक बढाउन सकिने उल्लेख गरे ।

पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले विकास निर्माणमा सङ्घ र प्रदेश सरकारबीच तालमेल नमिलेको बताए । पन्ध्रौँ पञ्चवर्षीय योजना सकिन लागेको र १६औँ पञ्चवर्षीय योजना लागू हुने सङ्घारमा देशभित्रका सबै सम्भावना र स्रोत परिचालन गर्ने गरी योजना बन्नुपर्ने उनको भनाइ थियो । डा खतिवडाले कोशी प्रदेश सरकारलाई जलस्रोत, कृषि, ऊर्जाका क्षेत्रलाई व्यापक उपयोग गरी उदाहरणीय काम गर्न सुझाव दिए । प्रदेश विकास परिषद्का सदस्य एवं नेपाल कम्युनिष्ट पाटी (माओवादी केन्द्र) कोशी प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले सङ्घीयता कार्यान्वयन प्रभावकारी ढङ्गले हुन नसकेको बताए । उनले प्रदेश सरकारसमक्ष नयाँ पुस्तालाई आशा जगाउने गरी योजना बनाउन र कार्यान्वयन गर्ने जिम्मेवारी रहेको बताए ।

प्रदेश योजना आयोगका उपाध्यक्ष डा राजेन्द्र अधिकारीले आवधिक योजना आर्थिक वृद्धिदरलाई स्थायी बनाउन, निजी र सहकारी क्षेत्रलाई लगानीको वातावरण सिर्जना गर्न र वैदेशिक लगानी भित्र्याउने गरी निर्माण गर्नुपर्ने धारणा राखे । प्रदेश योजना आयोगका सचिव मिमांस अधिकारीले दोस्रो आवधिक योजना बनाउनका लागि कोशी प्रदेशभित्र एक हजार जनाको सुझाव लिएको र यसका आधारमा निर्माण भएको दस्तावेजलाई अझ समृद्ध र सुदृढ बनाउन मंगलबारको बैठक आयोजना भएको जानकारी दिए । उनले आगामी साउन १ गतेदेखि लागू हुने योजनालाई सफल बनाउन आजको छलफलले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भन्दै पाँच वर्षका लागि बन्ने यो दस्तावेजमा महत्वपूर्ण बुँदा समावेश हुने विश्वास व्यक्त गरे । बैठकमा कोशी प्रदेश सरकार मन्त्री, प्रदेश योजना आयोगका पदाधिकारी, विभिन्न मन्त्रालयका सचिव, विकास परिषद्का सदस्य, कोशी प्रदेशसभाका विषयगत समितिका सभापति, स्थानीय तहका प्रमुख वा अध्यक्षको सहभागिता थियो । रासस

# सार्कलाई चलायमान बनाउन सबै राष्ट्र लाग्नुपर्छः पन्त

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद रघुजी पन्तले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) लाई चलायमान बनाउन सदस्य राष्ट्र सबै लाग्नुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकको आकस्मिक समयमा उनले सार्क सङ्गठन लथालिङ्ग भएको उल्लेख गर्दै यसका महत्वपूर्ण निकाय र संरचनालाई प्रभावकारी बनाउन सार्क सङ्गठनको अध्यक्षका हैसियतले नेपाल सरकारले सक्रियता बढाउनुपर्ने धारणा व्यक्त गरे । उनले भने, 'सार्क विश्वद्यालय नयाँदिल्ली छ, सार्क सचिवालय नेपालमा छ । नेपालले अध्यक्षता गरिरहेको अवस्थामा नेपालले अघि बढ्नुपर्छ । कुनै विवाद आएको अवस्थामा नेपालले हामी सम्मेलन गर्न सक्छौँ भन्न सक्नुपर्छ ।'

साथै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' हालै भारती प्रधानमन्त्री नरेन्द्र मोदीको शपथग्रहण समारोहमा गएर आएको र भारतसँग सबै सम्बन्ध राम्रो छ भनेको सन्दर्भमा नेता पन्तले सीमा समस्या यथावत रहेको बताए । साथै उनले सार्कका समस्या जस्ताको तस्तै रहेका बारेमा प्रधानमन्त्री दाहालले संसद्लाई सम्बोधन गरेर भारत भ्रमणबारे जानकारी गराउनुपर्ने माग गरे । 'भारत भ्रमणमा केके भयो ? नेपाल–भारतबीचको समस्याबारे केके ठोस कुरा भयो ? यो संसद्को विशेषाधिकार हो । यो संसद्ले जानकारी पाउनुपर्छ । सभामुखले स्पष्ट रुलिङ गर्नुपर्छ ।' रासस

# ‘नेपालबाट ३० खर्बको सूचना प्रविधि निर्यात सम्भव’



**काठमाडौँ ।**
नेपाललाई सूचना प्रविधिको हबका रूपमा विकास गर्न आगामी आर्थिक वर्षको बजेटमा सूचना प्रविधि दशक घोषणासहित ३० खर्ब रुपैयाँको निर्यात र १५ लाखलाई रोजगारी दिने कुरा महत्वाकांक्षी भए पनि सफल पार्न सकिनेमा सरोकारवालाहरु निश्चिन्त देखिएका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले मंगलबार यहाँ आयोजना गरेको ‘सूचना प्रविधि दशक र आगामी कार्यदिशा’ विषयक कार्यक्रममा सरोकारवाला विज्ञहरुले नीतिगत सुधार र कानुनी अल्झन हटाइ स्थिर नीति बनाउन सकेको खण्डमा ३० खर्ब रुपैयाँको सूचना प्रविधि सेवा निर्यात गर्न सम्भव हुने बताए ।

अर्थमन्त्री वर्षामान पुनले आर्थिक वर्ष २०८१÷८२ को बजेटमार्फत दश वर्षमा ३० खर्ब रुपैयाँको सूचना प्रविधिसम्बन्धी सेवा निर्यात र पाँच लाख प्रत्यक्ष तथा दश लाख अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्य प्राप्त गर्न सरकारले नीतिगत निर्णय गरी उद्योगलाई संरक्षण र प्रवद्र्धन गरेर निजी क्षेत्रलाई प्रोत्साहन गर्न खोजेको बताए । अर्थमन्त्री पुनले सूचना प्रविधिलाई प्राथमिकतामा राखी कानुनी आधार तयार गरी सूचना प्रविधि क्षेत्रमा नीतिगत स्थायित्वका लागि उच्चस्तरीय आयोग गठन गर्ने जानकारी दिए । उनले ‘डिजिटल नेपाल फ्रेमवर्क’ परिमार्जन गरी सोको कार्यान्वयन र अनुगमन गर्न संस्थागत व्यवस्था गर्ने, काठमाडौँ उपत्यका र बुटवलमा उच्च गतिको इन्टरनेट, विद्युत्, सुरक्षालगायत पूर्वाधारसहित सूचना प्रविधिपार्क सञ्चालन अगाडि बढाइने जानकारी दिँदै कम्तीमा प्रत्येक प्रदेश समेटिने गरी १० ओटा सूचना प्रविधि पार्क बनाउने योजना सरकारको रहेको बताए । अरु वस्तु तथा सेवा निर्यात गर्दा बल्लबल्ल डेढ खर्बको निर्यातमा पुगेको अवस्थामा आइटी क्षेत्रमा थोरै सहजीकरण गर्न सके वार्षिक तीन खर्ब रुपैयाँको निर्यात गर्न सकिने अनुभव यस क्षेत्रका विज्ञहरुको रहेको पनि उनको भनाइ छ । सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले आइटी दशकको लक्ष्यमा पुग्न मन्त्रालयको नेतृत्वमा कार्यदल गठन गरिने स्पष्ट पार्दै हरेक वर्ष गर्नुपर्ने क्रियाकलापको स्पष्ट खाका कोरिने बताइन् । आगामी आवको बजेटले सूचना प्रविधि क्षेत्रमा लिएका नीति कार्यान्वयनका लागि नेपाल टेलिकम र नेपाल दूरसञ्चार प्राधिकरणले सोही अनुरुप बजेट बनाइरहेको बताउँदै शर्माले स्वदेशमा बनेका सफ्टवेयरलाई स्वदेशमै खपत गराउन सरकार लागि परेको पनि जानकारी दिइन् ।

काठमाडौँ र बुटवलमा बन्ने सूचना प्रविधि पार्कमा निःशुल्क स्थान उपलब्ध गराउने र सार्वजनिक–निजी साझेदारीमा विभिन्न कार्यक्रम गरिने पनि सञ्चारमन्त्री शर्माले बताइन् । डिजिटल अर्थतन्त्र, नवप्रवर्तन र इनोभेसनको प्रवद्र्धन, रोजगारीको सिर्जना, डिजिटल सुशासनका लागि सरकारले आवश्यक नीति र कानुनको परिमार्जन गर्दै अघि बढ्ने द्दढता पनि उनले प्रकट गरिन् । आगामी आर्थिक वर्षलाई सूचना–प्रविधि दशकको प्रस्थान वर्षका रूपमा अगाडि बढाउने र सूचना प्रविधिलाई अर्थतन्त्रको खम्बाका रुपमा स्थापित गर्ने धारणा राखिन् । सूचना प्रविधिमार्फत् अर्थतन्त्रको विकास र रोजगारी सिर्जनाका निम्ति सरकारले अगाडि बढाएका कार्यक्रम प्रभावकारी तुल्याउन र प्रविधिको प्रयोगमार्फत् आर्थिक सामाजिक रूपान्तरण गर्न सकिने मन्त्री शर्माले स्पष्ट पारिन् । उनले विसं २०७६ सालमा शुरु भएको डिजिटल नेपाल फ्रेमवर्कको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताइन् । सूचना प्रविधि क्षेत्रमा एक लाख जनशक्ति काम गरिरहेको र सरकारसँग स्पष्ट तथ्याङ्क नभएकाले गाह्रो भइरहेको समेत उनले बताइन् ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आईआईडिएस) परामर्शदाता एवम् सूचना प्रविधि क्षेत्रमा सीप तथा रोजगार विज्ञ डा अमृता शर्माले सूचना प्रविधि क्षेत्रको विकासका लागि राजनैतिक प्रतिवद्धतासहित नीतिगत स्थिरता आवश्यक रहेको बताइन् । यस वर्ष प्रविधि दशकको प्रस्थान वर्षका रुपमा रहेको र डिजिटल नेपाल फ्रेमवर्क सही मार्गमा आउनुपर्ने उनको भनाइ छ । ‘सूचना प्रविधि दशकका लागि निजी क्षेत्रलाई हेर्ने द्दष्टिकोण आवश्यक छ र सरकार व्यवसाय प्रवद्र्धक र सम्वद्र्धकका रुपमा बस्नुपर्दछ’, शर्माले भनिन् । परराष्ट्र मन्त्रालयमार्फत् ‘टेक डिप्लोमेसी’ को अवधारणा अघि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुहुँदै उनले नेपालको प्रविधि उद्योगलाई विश्वभरी पु¥याउन दुतावासहरुले भूमिका खेल्नुपर्ने धारणा राखिन् । नेपालमा अहिले प्रतिवर्ष १० हजार जना आइटी जनशक्ति उत्पादन भइरहेको र एक खर्ब रुपैयाँको सेवा निर्यात भइरहेको जानकारीसमेत उनले दिइन् ।

अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्माले सूचना प्रविधि दशकको घोषणा महत्वाकांक्षी लक्ष्य नभई आइटीमा भइरहेको प्रगतिले गर्दा योजना भएको बताए । सूचना प्रविधि क्षेत्रका विज्ञ र उद्यमीसँग छलफल गरेर ल्याएको योजना भएकाले यो लक्ष्य प्राप्त गर्न सहज हुने उनले स्पष्ट पारे । लोटस होल्डिङसका प्रमुख कार्यकारी अधिकृत अजित विक्रम शाहले यो लक्ष्य हासिल गर्न १० वर्ष पनि नलाग्ने आफ्नो आकलन रहेको बताए । यो क्षेत्रमा सहजता भएमा लगानी गर्न निजी क्षेत्र तयार रहेको उनले स्पष्ट पारे । नेपाल उद्योग वाणिज्य महासङ्घका लगानी तथा अन्तर्राष्ट्रिय मञ्चका अध्यक्ष मनोज पौडेलले अहिले सूचना प्रविधि क्षेत्रको आकार १६ दशमलव ८९ प्रतिशत वृद्धि भइरहेको उल्लेख गर्दै सरकारले लिएको लक्ष्य हासिल गर्न ३६ प्रतिशतका दरले वृद्धि आवश्यक रहेकोमा जोड दिए । किम्बु टेकका प्रमुख कार्यकारी अधिकृत कर्भिका थापाले सूचना प्रविधि दशकलाई सफल पार्न गाउगाउँमा जनचेतना जागृत गर्नुपर्ने र प्रत्येक विद्यालयमा कम्प्युटर राख्ने मात्र नभइ चलाउन प्रोत्साहन दिनु आवश्यक रहेको बताए । रासस

# बजेटमा शिक्षा क्षेत्र प्राथमिकता नपरेको गुनासो

**काठमाडौँ ।**
नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले नेपाल सरकारको आगामी आर्थिक वर्षको बजेटमा शिक्षा क्षेत्र प्राथमिकतामा नपरेको गुनासो गरेको छ । सङ्गठनले मंगलबार ललितपुरमा पत्रकार सम्मेलन गरेर शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत विनियोजनको माग उठ्दै आए पनि १० दशमलव ९४ प्रतिशतमात्र विनियोजन भएकामा गुनासो गरेको हो । सङ्गठनका अध्यक्ष विष्णुप्रसाद भण्डारी र महासचिव हंशबहादुर शाहीले जारी गरेको प्रेस विज्ञप्तिमा शिक्षक, प्रारम्भिक बालविकास शिक्षक र कर्मचारीको सेवा सुविधावृद्धि नभएको, दिवा खाजाको रकम वृद्धि नभएको र शिक्षक दरबन्दी व्यवस्थापनको विषय समावेश नभएको जनाइएको छ । सङ्गठनले राजनीतिक दलमा शिक्षकहरुको संलग्नताका विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकहरूको राजनीतिक अधिकारसहितको ट्रेड युनियन अधिकारलाई नियन्त्रण गर्ने गरी परिपत्र गरेकामा ध्यानाकर्षण गराएको छ । सङ्गठनले यही जेठ १३ गते जारी भएको शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ वैज्ञानिक नभएकाले पहिला विद्यालय शिक्षा ऐन जारी गरेर नियम बनाउन माग गरेको छ । साथै सङ्गठनले नेपाल शिक्षक महासङ्घको हालै सम्पन्न महाधिवेशनप्रति असहमति जनाउँदै लोकतान्त्रिक पद्धतिअनुरूप नेतृत्व चयन गर्न माग गरेको छ । रासस

# नेप्से परिसूचक ३३ दशमलव १५ अङ्कले बढ्यो



**काठमाडौँ ।**
जलविद्युत् कम्पनीको शेयर कारोबार चम्किँदा नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३३ दशमलव १५ अङ्कले बढेको छ । मंगलबार नेप्से परिसूचक एक दशमलव ५९ प्रतिशतले बढेर दुई हजार एक सय १५ दशमलव २४ को बिन्दुमा कायम भएको हो । मंगलबार तीन सय ११ कम्पनीको एक करोड २६ लाख ६५ हजार तीन सय २९ कित्ता शेयर ७४ हजार आठ सय ७७ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ५५ करोड ५३ लाख ६१ हजार सात सय ३९ रुपैयाँ बराबरको कारोबार भएको छ । जलविद्युत् कम्पनीहरुको मात्र मंगलबार दुई अर्ब २८ करोड सात लाख ९० हजार आठ सय ४५ रुपैयाँ बराबरको ५९ लाख ७९ हजार चार सय ४३ कित्ता शेयर किनबेच भएको छ ।

मंगलबारको कारोबारमा जलविद्युत् समूहको उपसूचक दुई दशमलव ५८, व्यापार दुई दशमलव १२, निर्जीवन बीमा दुई दशमलव १९, जीवन बीमा दुई दशमलव ४० र वित्त समूह दुई दशमलव १६ प्रतिशतले बढेको छ । बैंकिङ समूह एक दशमलव ७३, विकास बैंक एक दशमलव ४२, होटल तथा पर्यटन शून्य दशमलव ५९, लगानी एक दशमलव ०९ र उत्पादन तथा प्रशोधन शून्य दशमलव ४० प्रतिशतले बढेको छ । त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव ५० र अन्य समूहको उपसूचक शून्य दशमलव ५३ प्रतिशतले बढेको छ ।

बरुण हाइड्रोपावर कम्पनी लिमिटेड, ग्रीन भेन्चर लिमिटेड, कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड र भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सामलिङ्ग पावर कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८१ र कुमारी इक्विटी फन्डको शेयर मूल्य चार दशमलव ९४ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको ३६ करोड ३० लाख ९२ हजार नौ सय १० रुपैयाँ बराबरको पाँच लाख २५ हजार एक सय ८५ कित्ता शेयर किनबेच भएको छ । रासस

# दक्षिण अफ्रिकासँग बङ्गलादेश पराजित



**मधेशदृष्टि**
**वीरगंज ।**
अमेरिका र वेस्टइन्डिजमा जारी आइसिसी टि–२० विश्वकप क्रिकेटमा दक्षिण अफ्रिकाले बङ्गलादेशलाई हराउँदै प्रतियोगितामा तेस्रो जित दर्ता गराएको छ । अमेरिकाको न्युयोर्कमा सोमबार राति सम्पन्न खेलमा दक्षिण अफ्रिकाले बङ्गलादेशमाथि चार रनको जित हासिल गरेको हो । दक्षिण अफ्रिकाले दिएको एक सय १४ रनको सामान्य लक्ष्य पछ्याएको बङ्गलादेश निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय नौ रनमा समेटियो ।

बङ्गलादेशका लागि टोहिड हृदोयले सर्वाधिक ३७ रन बनाए । उनले ३४ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३७ रन बनाएका हुन् । त्यस्तै महमुदउल्लाहले २७ बलमा दुई चौका प्रहार गरी २० रन जोडे । कप्तान नजमुल हुसेन शान्तोले २३ बलमा एक छक्का प्रहार गरी १४ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । बलिङतर्फ दक्षिण अफ्रिकाका केशव महाराजले तीन विकेट लिए भने कागीसो रबाडा र एनरिक नोर्ट्जेले समान दुई–दुई विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा एक सय १३ रनको योगफल बनाएको थियो । दक्षिण अफ्रिकाका लागि हेनरिक क्लासेनले ४४ बलमा दुई चौका र तीन छक्का प्रहार गर्दै सर्वाधिक ४६ रन जोडे । त्यसैगरी डेविड मिलरले ३८ बलमा २९ रन बनाए । ओपनर क्विन्टन डिककले ११ बलमा १८ रन जोडे । बङ्गलादेशका लागि तान्जिम सकिबले तीन विकेट लिए भने तास्किन अहमदले दुई विकेट झारे । त्यस्तै रिशाद होस्सेनले एक विकेट लिए । यस जितसँगै समूह ‘डी’ मा रहेको दक्षिण अफ्रिकाले तीन खेलमा छ अङ्क बटुलेको छ । पराजित बङ्गलादेशको दुई खेलमा दुई अङ्क नै छ । सोही समूहमा रहेको नेदरल्यान्ड्सको पनि समान दुई खेलमा दुई अङ्क नै छ । नेपाल र श्रीलङ्का अङ्कविहीन छन् ।

# बङ्गलादेशको शरणार्थी शिविरमा आक्रमण



**एएफपी**
**बङ्गलादेश ।**
बङ्गलादेशको राहत शिविरहरूमा नियन्त्रणको लागि प्रतिस्पर्धा गरिरहेका प्रतिद्वन्द्वीहरुको सैन्य झडपमा कम्तीमा तीन रोहिंग्या शरणार्थीको मृत्यु हुनुका साथै अन्य सात जना घाइते भएको स्थानीय प्रहरीले मङ्गलबार जनाएको छ । बङ्गलादेशका १० लाख राज्यविहीन र उत्पीडित मुस्लिम अल्पसंख्यकको बासस्थान हो । जसमध्ये अधिकांश छिमेकी देश म्यानमामा सन् २०१७ को क्रूर सैन्य दमनपछि आएका थिए । म्यानमाको गृहयुद्धमा लड्नका लागि शरणार्थीहरूलाई जबरजस्ती भर्ती गरेपछि यस वर्ष सशस्त्र समूहहरू बिच झडपहरू बढेका छन् । प्रहरीका अनुसार सोमबार कोक्स बजार जिल्लाको एउटा शिविरमा सुरक्षा गस्ती गरिरहेका शरणार्थीहरूको समूहलाई अराकान रोहिंग्या साल्भेशन आर्मी (एआरएसए) का कम्तिमा १०० जना सदस्यहरूले आक्रमण गरेको हो । ‘उनीहरूले शिविर वरिपरिको काँडेतार काटेर शिविरको सुरक्षा गरिरहेका रोहिंग्याहरूमाथि आक्रमण गरे’, शिविरहरूमा सुरक्षा कायम गर्ने जिम्मेवारी दिइएको सशस्त्र प्रहरी बटालियनका कमाण्डिङ अफिसर मोहम्मद इकबालले भने । ‘उक्त आक्रमणमा तीन रोहिंग्या मारिनुका साथै सात जना घाइते भएका छन् भने घटनास्थलमा पुगेका प्रहरीहरुमाथि पनि पुलिस एआरएसएका सदस्यहरूले आक्रमण गरेका छन् । पीडितहरुलाई गोली हानेर छुरी प्रहार गरेर आक्रमण गरिएको हो’ उनले भने ।

शिविरमा रहेका रोहिंग्या समुदायका एक नेताले मारिएका तीन जना रोहिंग्या सोलिडेरिटी अर्गनाइजेशनका सदस्य रहेको बताएका छन् । ‘शिविरमा दिनरात हत्या र बन्दुकको लडाइँ भइरहेको छ । एआरएसएले तिन जना आरएसओको हत्या गरेको थियो । यहाँ कुनै पनि रोहिंग्या सुरक्षित छैनन् । एआरएसए र आरएसओले रोहिंग्या शरणार्थीका लागि शिविरलाई नरक बनाएको छ’ उनले भने । प्रतिद्वन्द्वी रोहिंग्या समूहहरूले म्यानमामा लड्न युवा रोहिंग्या पुरुषहरूलाई जबरजस्ती भर्ती गर्ने अभियान चलाएपछि अप्रिलदेखि शिविरहरूमा सुरक्षा बिग्रिएको छ ।

गत महिना संयुक्त राष्ट्रका एजेन्सीहरूबीच प्रसारित र एएफपीले देखेको गोप्य प्रतिवेदन अनुसार लगभग एक हजार पाँच सय रोहिंग्याहरूलाई द्वन्द्वमा सामेल हुन शिविरहरूबाट निकालिएको छ । यस वर्ष प्रतिद्वन्द्वी उग्रवादी समूहहरू बिच शिविरमा भएको झडपमा कम्तीमा २० रोहिंग्या मारिएको राष्ट्रिय दैनिक प्रथम आलोले जनाएको छ । लगभग ६ लाख रोहिंग्याहरूको घर रहेको म्यानमाको रखाइन राज्यमा अझ बढी स्वायत्तता चाहेको भन्दै अराकान सेनासँग लड्नका लागि भर्तीहरूलाई सीमापार पठाइएको छ ।



# निजी गुठीमा धनी श्रीरामचन्द्र मन्दिरसँगै छैन जग्गाको अभिलेख



**पूर्णप्रसाद मिश्र**
**काठमाडौँ ।**

दाताले निजी गुठी राखेर सञ्चालन गर्नेमा नेपालकै धनी मन्दिरमध्येमा पर्छ श्रीरामचन्द्र मन्दिर । काठमाडौँ महानगरपालिका–९ बत्तीसपुतलीस्थित श्रीरामचन्द्र मन्दिरको जग्गा कहाँकहाँ कति छ भन्ने अद्यावधिक अभिलेख निजी गुठी सञ्चालकसँग नै नरहेको पाइएको छ । निजी गुठी सञ्चालकको समिति त छ तर समितिसँग गुठीको नाममा कहाँकहाँ कति कति जग्गा छ भन्ने अभिलेख नै छैन । उक्त निजी गुठीका सञ्चालकले समितिको लाल ढड्डामा अभिलेख भएको बताए पनि लामो समयदेखि खोजी गर्दा पनि उपलब्ध भने हुन सकेको छैन । मन्दिरका नाममा काठमाडौँको बत्तीसपुतली, हाँडीगाउँ, साँखु र नाङ्लेभारेलगायत विभिन्न स्थानमा तीन सय ७३ रोपनी जग्गा भए पनि गुठीको आयस्ता भने नआएको श्रीरामचन्द्र मन्दिर निजी गुठी सञ्चालक समितिका सचिव केशवध्वज राणा बताउँछन् । मन्दिरका नाममा रहेको ३७३ रोपनी जग्गामध्ये वर्षमा करिब ७० रोपनी जग्गाको मात्र तिरो उठ्ने गरेको उनले सुनाए । वार्षिक करिब ५० जना जति मोही मात्र जग्गाको कुत बुझाउन गुठीमा आउने गरेका छन् । नआउनेलाई तिरो तिराउन गुठीले कुनै पहल गरेको छैन । गुठी संस्थानले तोकेको दरअनुसार नै निजी गुठीले कुत लिने गरेको सचिव राणाले बताउनुभयो । धेरै मोही कुत तिर्न नआउँदा मन्दिरको व्यवस्थापनमा समस्या हुने गरेको छ । मन्दिरको नाममा रहेको जग्गा उपभोग गर्ने सबैले तिरो तिरे अहिले भन्दा राम्रोसँग मन्दिर सञ्चालन गर्न सकिने भए पनि यसमा सरोकार निकायको ध्यान जान सकेको छैन । महानगरपालिका–९ का अध्यक्ष रामजी भण्डारी मन्दिरको पूर्वाधार निर्माणमा स्थानीय सरकारले पनि सहयोग गरेको बताउँछन् । मन्दिर क्षेत्रमा शौचालयको समस्या देखेपछि वडाले शौचालय निर्माण गरिदिएको उनको भनाइ छ । मन्दिरका नाममा रहेको तिरो नउठेको सन्दर्भमा स्थानीय सरकारलाई कुनै जानकारी नआएको सुनाउँदै अध्यक्ष भण्डारीले त्यस्तो जानकारी आएमा सक्ने सहयोग गरिने प्रतिबद्धता जनाए । निजी गुठीले श्रीरामचन्द्र मन्दिर जीर्णोद्धार एवम् सम्बद्र्धन समितिलाई केही वर्षदेखि रामनवमीको अवसर पारेर वार्षिक एक लाख ५० हजार रुपैयाँ मात्र दिने गरेको छ । मन्दिरमा नित्य एवम् नैमित्तिक पूजा आजा, मर्मतसम्भार, सरसफाइलगायत काम समितिले नै गर्दै आएको छ । विसं १९२८ मा मन्दिर स्थापना गर्नु हुने कम्याण्डिङ कर्णेल सनकसिंह टण्डन लाहुरी क्षत्रीले राख्नुभएको दानपत्रको व्यहोरामा नित्य, नैमित्तिक पूजा गरी बिग्रे, भत्केको मर्मत गर्न जग्गा राखिएको उल्लेख छ । दानपत्रमा टण्डन परिवारको एकोद्दिष्ट र पार्वण श्राद्ध गर्न पनि जग्गाको आयस्ता उपयोग गरिने उल्लेख छ । यसको संरक्षणका लागि टण्डनले आफ्नो शेषपछि छोरीपट्टिका नाति महेन्द्रध्वज राणालाई अख्तियारी दिएको दानपत्रमा उल्लेख छ । हाल महेन्द्रध्वजका सन्तति नै यो निजी गुठीको सदस्यका रुपमा रहेका छन् । तिनैमध्येबाट गुठी सञ्चालक समितिको गठन हुने गरेको छ ।

### जीर्णोद्धारमा गुठी सञ्चालकको बेवास्ता

आयस्ता नउठ्दा २०४८ सालअघि मन्दिर जीर्ण बनेको थियो । स्थानीयवासीको सक्रियतामा श्रीरामचन्द्र मन्दिर जीर्णोद्धार एवम् सम्बद्र्धन समिति गठन गरी अहिलेको स्वरुप दिइएको सदस्यसचिव डा गोविन्द टण्डनले जानकारी दिए । अहिले यो मन्दिर नेपालकै स्वच्छ, सफा र आकर्षक मन्दिरका रुपमा स्थापित भएको छ । स्थानीयवासीका तर्फबाट छानिएका समितिका पदाधिकारी एवम् सदस्यले मन्दिर क्षेत्रमा सञ्चालन गरिने विभिन्न कर्मको शुल्क तोकेर उठाएको पैसाले नै हाल मन्दिरको काम हुने गरेको छ । विसं २०४८ मा जीर्ण मन्दिरलाई उद्धार गर्न गुठीको आयस्ता उपयोग हुन सकेन । व्यक्ति–व्यक्तिबाट चन्दादान सङ्कलन गरी मन्दिर जीर्णोद्धार गरिएको उनले सुनाए । दाताबाट लिएर गरिएको खर्चको प्रत्येक वर्षको हिसाबकिताब राखिएको समितिले जनाएको छ । समितिले जीर्णोद्धार गरेर मन्दिरलाई आकर्षक रुपमा स्थापित गरेपछि यहाँ भक्तजनको आकर्षण बढेको थियो । विवाह, व्रतबन्ध, लाखबत्तीलगायत धार्मिक कर्म गर्न आउनेबाट समितिले शुल्क लिएर मन्दिर व्यवस्थापन र पूजाआजामा खर्च गर्दै आएको छ । मन्दिरमा भक्तजनको आकर्षण बढेकै बेला २०७२ वैशाख १२ गतेको भूकम्पले क्षति गर्‍यो । भूकम्पले भएको क्षतिपछिको पुनःनिर्माणमा मन्दिरका नाममा रहेको जग्गाको आयस्ता उपयोग हुन सकेन ।

### पुनःनिर्माणमा उपयोग हुन सकेन मन्दिरको आयस्ता

समितिकै पहलमा दाताबाट सहयोग सङ्कलन गरी राजधानीका सांस्कृतिक सम्पदामध्ये बत्तीसपुतलीको श्रीरामचन्द्र मन्दिर पहिलोपटक पुनःनिर्माण भएको थियो । यसबाट जनताको सहयोगबाटै सांस्कृतिक सम्पदा पुनःनिर्माण हुनसक्छ भन्ने सन्देशसमेत प्रवाह भएको थियो । भूकम्पपछिको पुनःनिर्माणको हिसाबकिताबसमेत समितिले सुरक्षितसाथ राखेको छ । दाताले जुन प्रयोजनका लागि निजी गुठी स्थापना गरेर मन्दिरका नाममा जग्गा राखेका थिए ।
त्यसमा खर्च हुन सकेको छैन । उदारमना दाताको सहयोगबाट नै मन्दिरको जीर्णोद्धार, पुनःनिर्माण एवम् नित्य, नैमित्तिक कर्मसमेत सम्पादन हुन थालेको छ । यसबाट गुठीको अवधारणा नै गलत हो कि भन्ने सन्देश प्रवाह हुन थालेको छ । गुठीका नाममा रहेको केही जग्गा सर्वोच्च अदालतको आदेशमा सट्टापट्टा भएको निजी गुठीका सचिव राणाले सुनाए । सर्वोच्च अदालतले जिल्लाभर गुठीको जग्गा सट्टापट्टा गर्न सकिने गरी आदेश दिएपछि बत्तीसपुतली र हाँडीगाउँका जग्गा रैकर गरी साँखु र नाङ्लेभारेका जग्गा श्रीरामचन्द्र मन्दिर निजी गुठीका नाममा राखिएको उनले जानकारी दिए । सट्टापट्टा गरिएका जग्गा कमाइ रहेका मोहीले अहिलेसम्म तिरो भने बुझाउन आएका छैनन् । साँखु एवम् नाङ्लेभारेका धेरै मोहीले तिरो नतिरेको मन्दिरको निजी गुठी कार्यालयले जनाएको छ । अदालतको आदेशअनुसार करिब ३० रोपनी जग्गा सट्टापट्टा भएको थियो । सट्टापट्टा भएको जग्गाको अभिलेखसमेत गुठी कार्यालयसँग छैन ।

### हाल साविक नगर्दा तिरो तिर्नेलाई समस्या

श्रीरामचन्द्र मन्दिर निजी गुठीमा तिरो तिर्न आउनुभएका काठमाडौँ महानगरपालिका–७ पनेकु टोलका सागर सिग्देल हजुरबाका पालामा गुठीको १२ आना जग्गा खरिद गरी उपभोग गरेकामा अहिले सडकले लिएर आठ आनामात्र बाँकी हुँदा पनि सडकमा परेको चार आनाको पनि तिरो तिर्नुपरेको गुनासो गर्नुहुन्छ । निजी गुठीले भने जग्गाको हाल साविक गर्न नसक्दा यस्तो समस्या देखिने गरेको जनाएको छ । बाह्र आना जग्गाको वार्षिक एक हजार सात सय रुपैयाँ तिरो तिर्ने गरेको सिग्देलले जानकारी दिए । बत्तीसपुतलीमा रहेको द्वारिका होटलमा श्रीरामचन्द्र मन्दिर निजी गुठीको करिब ११ रोपनी जग्गा छ । गुठीका तीन कित्ताका जग्गा होटलमा रहेको जनाइएको छ । पहिलो कित्तामा नौ रोपनी १५ आना, अरु दुई कित्तामा क्रमशः १० र १३ आनाजग्गा रहेको छ । उक्त होटलले भने गुठीले तोकेको तिरो समयमै बुझाउँदै आएको छ । सो होटलले आर्थिक वर्ष २०७५÷७६ सालमा एकमुष्ट १२ लाख रुपैयाँ तिरो तिरेको थियो । त्यो भन्दा अगाडि बार्षिक सात हजार रुपैयाँ तिरो तिर्ने गरेकामा गुठीले तिरो बढाउन अनुरोध गरेपछि विगतमा तिरी सकेको बाहेक थप १२ लाख रुपैयाँ दिएको थियो । सो आर्थिक वर्षपछि उक्त होटलले वार्षिक एक लाख रुपैयाँका दरले तिरो तिर्दै आएको निजी गुठीका सचिव राणाले जानकारी दिए ।

### निजी गुठीको जग्गा किनबेच रोक्काले समस्या

विसं २०६५ देखि निजी गुठी जग्गा बेचबिखन रोक्का हुँदा मोहीलाई समस्या भएको छ । यसबाट मोहीले गर्जो टार्न पाएका छैनन् । अदालतको आदेशमा १५ वर्षदेखि निजी गुठी जग्गा बेचबिखनमा रोक लगाइएको हो । यो व्यवस्था छिटो हटाउन मोहीले माग गर्दै आएको स्थानीयवासीका तर्फबाट मन्दिरको संरक्षण गर्न गठित समितिका सदस्य सचिव टण्डन बताउँछन् ।

बत्तीसपुतली थुम्कोमा तीन रोपनी चार आनामा मन्दिर क्षेत्र फैलिएको छ । सडकबाट ९० फिट उचाइमा मन्दिर स्थापित छ । पशुपति क्षेत्रको नजिक रहेको र भौगोलिक रुपमा समेत आकर्षक स्थानमा मन्दिर रहेको यहाँ धार्मिक पर्यटन प्रवद्र्धनको सम्भावना बलियो छ ।
मन्दिरमा राम, सीता, भरत, लक्ष्मण र शत्रुघ्नको पूर्णकदको मूर्ति ढुङ्गामा कुँदेर स्थापना गरिएको छ । बाहिरी भागमा हनुमानको पूर्णकदको मूर्ति छ । मन्दिर वरपर शिवालय छ । देवी, गणेशलगायत मूर्ति पनि मन्दिर क्षेत्रमा स्थापित छ । नेपालमा राजकीय गुम्बज शैलीमा निर्माण गरिएको थोरै मन्दिरमध्येमा यो पनि पर्छ ।
यहाँ प्राप्त पुरातात्विक अवशेषबाट बत्तीसपुतली ऐतिहासिक र पुरातात्विक महत्व भएको प्राचीनस्थल हो भन्नुहुन्छ संस्कृतिविद्समेत रहनुभएका समितिका सदस्यसचिव टण्डन । तर यो विषय प्रमाणित भने नभएको उनले सुनाए । बत्तीसपुतली नाम रहनुमा विभिन्न किंवदन्ती सुनिने गरेको छ । एक यस्तो किंवदन्तीअनुसार अहिले श्रीरामचन्द्रको भव्य मन्दिर भएको स्थानमा स्वर्गबाट ३२ वटी अप्सरा पुतलीका रुपमा आएर एक/एक महत्वपूर्ण कुरा सुनाएर गएका थिए ।

यसैले यो ठाउँलाई बत्तीसपुतली भनिएको हो भन्ने स्थानीय बुढापाकाको भनाइ छ । विसं १९५३ को अभिलेखमा पहिलोपटक बत्तीसपुतली नाम लेखिएको विषय नयराज पन्तले रुपरेखा अङ्क १५७ को लेखमा उल्लेख गरेका छन् । गुठी राखिएका सबै जग्गाको आयस्ता उठाउन सके श्रीरामचन्द्र मन्दिरलाई अझै आकर्षक रुपमा स्थापित गर्न सकिने सम्भावना छ ।
तर पनि आफ्नै जग्गा कहाँ कसले कुन रुपमा उपभोग गरिरहेका छन् भन्ने बारेमा मन्दिरको निजी गुठी नै अन्यौलमा देखिन्छ । यसको खोजी गरी मन्दिरको गुठीका नाममा उपयोगमा ल्याउनुपर्ने धेरैको सुझाव छ ।

# शहरका विद्यार्थीका दुःखः खेलमैदान छैन, कक्षाकोठाभित्रै खेल्छन् फुटबल

**मधु शाही**
**काठमाडौँ ।**

विद्यालयको घडीमा बिहानको १० बजेपछि टिनिनी घन्टी बज्छ । बालबालिका विद्यालय बाहिरै गर्नुपर्ने प्रार्थना पनि नगरी कक्षा कोठाभित्र छिर्छन् । कक्षाकोठामा बेञ्चमै उभिएर गाउँछन् उनीहरुले राष्ट्रिय गान पनि । त्यसपछि पढाई सुरु भइहाल्छ । विद्यालय परिसरमा प्राथना गर्ने ठाउँ छैन, न त खेलमैदान नै छ । काठमाडौँ महानगरपालिका–१० मा पर्ने बुद्धनगर आधारभूत विद्यालयका बालबालिकाको दैनिकी हो यो । विद्यालयमा पठनपाठनसहित अतिरिक्त क्रियाकलापहरु गर्नुपर्नेमा उनीहरुसँग खेलमैदान भने छैन । विद्यालयमा उनीहरु खेल्ने सामग्री र खेलौना त थुप्रै छन् तर खेल मैदानको अभावमा 'स्टोर'मै थन्किएका छन् । कक्षा ७ मा पढ्ने सुमनलाई भविष्यमा फुटबल खेलाडी बन्ने चाहना छ । लाग्छ, विद्यार्थीको चाहना र आकांक्षा पूरा गर्न सघाउने आधार भनेको विद्यालय हो । तर विद्यालयमा मैदान नै नभएपछि उनी कहाँ फुटबल खेल्ने अभ्यास गरुन् र आफ्नो सपना पूरा गरुन् ? 'पढाई पनि राम्रै छ, यति मात्रै हो खेल्ने र कुद्ने ठाउँ छैन', समुन भन्छन् 'खेल्न पाए पो स्कुल आउन मन लाग्छ ।' विद्यालयमा मैदानको अभावका कारण पर्याप्त मात्रामा खेल्न र सिक्न नपाएको उनको गुनासो छ । खेल्न त मैदानमै मन थियो, तर कहिलेकाहीँ कक्षा कोठामै फुटबल भेटिन्छ । बालबालिका । मैदान नहुँदा विद्यार्थीहरु कोठामै फुटबल खेल्न बाध्य छन् । 'फुटबल खेल्ने ठाउँ छैन, कक्षा कोठामै खेल्छौँ', सोही विद्यालयका विद्यार्थी सुमन भुजेल भन्छन्, 'खेल मैदान भए मज्जाले खेल्न पाइन्थ्यो तर हाम्रो विद्यालयमा मैदान छैन । हामीले त अहिलेसम्म बाहिर खेल्नै पाएका छैनौँ ।' विद्यालयको दुईतले भवन त छ तर बालबालिका खेल्ने मैदान भने छैन । भलिबल, फुटबल या अन्य खेल खेल्ने कुरा त परै जाओस् अरु विद्यालयमा झैँ नियमित प्राथना गर्ने, पिटी (शारिरीक कसरत) गर्ने जस्ता क्रियाकलाप गर्ने ठाउँ पनि यहाँ छैन । यहाँका बालबालिका स्कुलको दैनिक प्रार्थना पनि गर्न पाउँदैनन् । शारीरिक कसरत गर्ने पर्याप्त स्थानको अभावमा उनीहरुका सबै क्रियाकलापहरु नै कक्षाकोठाभित्रै हुने गर्दछ ।
कक्षा ५ की अन्जली तिवारीलाई पनि फुटबलनै मन पर्छ । घरमा खेल्नका लागि अभिभावकले खासै महत्व दिँदैनन् । यता विद्यालयमा मैदान त छैन नै, कहिलेकाहीँ कक्षा कोठामै पुग्ने फुटबल पनि उनी छुन पाउँदिनन् । स्कुलको 'हाफ छुट्टी'मा उनी ढुङ्गा बटुलेर गट्टा खेल्ने, चुङ्गी खेल्दै गर्छिन् । हुन त स्टोरमा क्यारम्बोर्ड, ब्याडमिन्टनका सामग्री पनि छन् । तर पनि खेल्ने र सिक्ने वातावरण भने नभएको उनले सुनाइन् । 'मेरो खुट्टाले अझै फुटबल छुन पाएको छैन', उनी भन्छिन्, 'स्कुलमा भलिबल, फुटबल पनि थन्किएका छन् तर खेल्न पाइदैन ।' अन्जलीकी साथी आचल भण्डारीको गुनासो पनि उही छ । स्कुलमा खेल्ने र रमाइलो गर्ने निकै रहर हुँदाहँुदै प्रशस्त स्थानको अभावले मन खुम्चाएर बस्नुपरेको उनी बताउँछिन् । बुद्धनगर आधारभूत विद्यालयकी गणित शिक्षक शान्ता पराजुलीले स्थानकै अभावका कारण बालबालिकाको अतिरिक्त क्रियाकलाप अभ्यास गराउन समस्या भएको स्वीकार गर्छिन् । उनका अनुसार खेलौनाहरु स्टोरमै थन्किएका छन् । वडा कार्यालयमा खेल मैदान उपलब्ध गराउनु भनेर निवेदन दिएको समेत उनले जानकारी दिइन् । 'खेल्दै र सिक्दै पढाउनुपर्ने बालबालिका ठाउँकै अभावले गर्दा खुम्चिएका छन्', उनले भने, 'वडा कार्यालयले छिट्टै नै खेल मैदानको व्यवस्थापन गर्ने भन्नुभएको छ ।' साँघुरो विद्यालयको रुपमा थापाथलीस्थित गुजेश्वरी बाल शिक्षा माध्यमिक विद्यालयले पनि समस्या भोग्दै आएको छ । विद्यालय एक रोपनी तीन आना, तीन दाम जग्गामा बनेको छ । यसमा पनि १२ आना जग्गा व्यक्तिले आफ्नो भएको भन्दै अदालतमा मुद्दा परेको छ । काँक्राको चिरो जस्तै बाँकी रहेको थोरै जग्गामा बालबालिका कोच्चिएर खेल्ने गर्दछन् । साँघुरो ठाउँमा खेल्दा धेरैपटक अरु बालबालिकालाई बलले चोट लागेर दुर्घटना समेत भएको बालबालिका बताउँछन् । पर्खालबाट बल उछिट्टिएर बाटोमा पुग्दा पर्खालबाटै मान्छे आएपछि बल पाउला भन्दै पर्खिरहनुपर्ने अवस्था उनीहरुसँग छ । 'पर्खाल बाहिर बल जान्छ, कोही मान्छे आउलान् र बल दिन्छन् कि भन्दै कुरेर बस्छौँ', यहाँका विद्यार्थी राहुल राई बताउँछन् । 'मज्जाले खेल्ने र उफ्रिने ठाउँ नै छैन ।' विवादमा परेको जग्गामा ढुङ्गा र इट्टा छन् । कहिलेकाहीँ बालबालिका त्यहीँ पुगेर ठोकिन्छन् र घाइने पनि हुने गरेका छन् । विवादित जग्गाका कारण मैदान सफा र व्यवस्थित बनाउन नसकेको गुजेश्वरी बाल शिक्षा माध्यमिक विद्यालयकी प्रधानाध्यापक नीता पौडेलले बताइन् । काठमाडौँ महानगरपालिकाले बालमैत्री विद्यालय बनाउन, खेलकुद र अतिरिक्त क्रियाकलापमा बनाउन प्रोत्साहनस्वरुप योजनाहरु ल्याएको भए पनि विद्यालयको संरचना बालमैत्री नहुँदा पूर्ण रुपमा लागू गर्न नसकिएको उनले बताइन् । विवादित जग्गा मात्रै विद्यालयको नाममा बनाउन सके मैदान सुन्दर र व्यवस्थित बनाउनु सकिने उनले सुनाइन् । उनका अनुसार २०५७ सालदेखि नै विद्यालयको जग्गा अदालतमा मुद्दा चलिरहेको छ । पटकपटक नगरपालिकालाई जानकारी गराउँदा समेत विद्यालयमा जग्गा ल्याउनु पर्नेमा नगरपालिकाले खासै चाँसो देखाएको प्रधानाध्यापक पौडेलले बताइन् । मध्यबानेश्वरस्थित रत्न राज्यलक्ष्मी उच्च माध्यमिक विद्यालयका विद्यार्थीले शिक्षक समक्ष खेल मैदानको अभाव भएको गुनासो गर्दै आएको पनि धेरै भयो । विद्यालयमा भएको एउटा अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रधानाध्यापक र वडाध्यक्ष समक्ष खेल्ने मैदान उपलब्ध गराइदिनुपर्ने माग राखेका थिए ।
कक्षा ९ की विद्यार्थी क्रिष्टिना खड्काले काठमाडौँ महानगरपालिका–१० का अध्यक्ष रामकुमार केसीसमक्ष खेलमैदान साँघुरो भएको र खेल्ने वातावरण मिलाइदिन अनुरोध गरेकी थिइन् । खड्काले सोमबार आफ्नै स्कुलको हलभित्र वडाध्यक्षलाई प्रश्न गरेकी हुन् । विद्यालयमा विद्यार्थीको संख्या प्रत्येक वर्ष बढ्दै गएकाले विद्यालयको खेल मैदान साँघुरो भएको हो । दुई हजारभन्दा बढी विद्यार्थी रहेको विद्यालयमा खुलेर खेल्ने मैदन साँघुरो हुँदै गएको विद्यालयका प्रधानाध्यापक रामाशिष यादवले स्वीकार गरे । काठमाडौँ महानगरपालिका–१० का वडाध्यक्ष रामकुमार केसीले विद्यार्थीलाई खेल्न जरुरी रहेको बताउँदै चाँडै खेलमैदानको बनाउने योजना रहेको सुनाए । 'काठमाडौँका अधिकांश विद्यालयमा खेलमैदानको अभाव छ', उनले भने, 'खेलबिनाको बालविकास हुन सक्दैन । हामीले खेलमैदान उपलब्ध गराउने योजनामा छौँ ।'

## सरकारको नीति असफल

स्थानीय तहदेखि सङ्घीय शिक्षा नीतिसम्म बालमैत्री विद्यालय हुन खेलकुद मैदानको अवस्था र जग्गा (रोपनी वा विगाहमा) अनिवार्य हुनुपर्ने उल्लेख छ । काठमाडौँ महानगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ मा पनि विद्यालयका अनिवार्य पूर्वाधार शर्तमा खेलकुद मैदान अनिवार्य हुनुपर्ने बताइएको छ । खेलकुद र त्यसलाई आवश्यक पर्ने पूर्वाधारसहितको 'गरी खाने शिक्षा, महानगरको इच्छा' भन्ने नाराका साथ शिक्षाको गुणस्तर अभिवृद्धि गर्न महानगर गौरवको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । सङ्घीय र स्थानीय शिक्षा नीतिमा राखिएका बालमैत्री बुँदाहरुमध्ये खेलमैदान व्यवस्थापन गर्न चुनौती नै थपिएको शिक्षकहरु बताउँछन् । काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह(बालेन)ले स्थानीय तहमा निर्वाचन भएको वर्षदेखि नै विद्यालयलाई बालमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । महानगरपालिकाको २०८०÷८१ नीति तथा कार्यक्रममा नै हेर्ने हो भने पनि खेलकुदमा विद्यार्थीलाई जोड दिइएको छ । नीति तथा कार्यक्रममा शिक्षा नीतितर्फ महानगरपालिकाले भनेको छ, 'सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने क्षमताको विकास गर्न आधारभूत प्राविधिक ज्ञान र सीपका साथै तन्दुरुस्त जीवनका लागि खेलकुद र त्यसलाई आवश्यकपर्ने पूर्वाधारसहितको गरी खाने शिक्षा, महानगरको इच्छा भन्ने नाराका साथ शिक्षाको गुणस्तर अभिवृद्धि गर्न महानगर गौरवको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।' गुजेश्वरी विद्यालयकी प्रधानाध्यापक नीति पौडेलका अनुसार बालमैत्री विद्यालय बनाउन बजेट आएको भए पनि भौतिक संरचनाको जटिलताका कारण व्यवस्थापन गर्न सकिएको छैन । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका शाखा अधिकृत उषा लामिछानेका अनुसार बालबालिकाको व्यक्तित्व विकासका लागि अविनार्य खेलकुद हुनुपर्छ । शैक्षिक पाठ्यक्रममा नै कक्षा १ देखि योग सिकाउने भनिएकोछ । विद्यार्थी अधिकांश समय विद्यालयमै बिताउने हुँदा उनीहरुको शारीरिक स्वास्थ्यको लागि खेलकुद अतिआवश्यक रहेको उनले बताइन् । कक्षा १ देखि नै योगका तीन आशन जस्तै, सब आसन, सुखासन र शिशु आसन सिकाउने शैक्षिक पाठ्यक्रममा उल्लेख भए पनि विद्यालयमा पूर्णरुपमा लागू नभएको उनले सुनाइन । 'खेल्ने पूर्वाधार छैन, अतिरिक्त क्रियाकलाप व्यावहारिक बन्न सकेको छैन', उनले भनिन्, 'यसमा स्थानीय तहले विशेष ध्यान दिनुपर्छ ।' शिक्षाविद् विद्यानाथ कोइरालाले अतिरिक्त क्रियाकलापबिना बालबालिकाको शारिरीक र मानसिक वृद्धिमा असर पर्छ । शिक्षा नीतिको आधारभूत आवश्यकता पनि पूरा गर्न नसक्नु नीतिगत समस्या शहरीकरणको समस्या भएको बताउँछिन् । सहरमा भूमिको अभाव छ । तर, यसो भन्दैमा कोठामै खुम्चिएका बालबालिकालाई विद्यालयमा समेत खुम्चाएर राख्नु उनीहरुको अधिकार माथिको हनन हो । 'जुन विद्यालयमा प्रशस्त खेल मैदान छैन, त्यस्तो विद्यालयका बालबालिकालाई खुला मैदानमा खेल्ने अवसर मिलाउनु पर्छ', उनले भनिन्, 'नभए, हाम्रा सहर पढ्ने बालबालिका कोठा पनि बन्द स्कुलमा पनि बन्द भएर बस्नु बाध्य हुन्छन् । यसले उनीहरुको सिर्जनात्मक क्षमता वृद्धि हुन सक्दैन ।'
सङ्घीय शिक्षा नियमावली २०५९ को परिच्छद १४ अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गर्नु पर्ने नियमावलीमा उल्लेख छ । विद्यालयको विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभाको विकासको लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गर्नु पर्ने उल्लेख छ । यसमा भनिएको छ, 'अतिरिक्त क्रियाकलाप कार्यक्रममा शिक्षक तथा विद्यार्थी दुवैले भाग लिनुपर्नेछ ।' विद्यालयले अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गर्दा विभिन्न बुँदा राखिएको छ । यस अन्तर्गत विद्यालयमा राष्ट्रियताको भावना जगाउने, मनोरञ्जनात्मक तथा राष्ट्रिय संस्कृति वा कलाहरुप्रति अभिरुचि बढाउने किसिमका नाटक, नृत्य र लोकसङ्गीतको अभ्यास तथा प्रतियोगिता गर्ने, विद्यार्थीको शारीरिक विकासको लागि विभिन्न किसिमका खेलकुदहरु नियमित रुपमा अभ्यास र सञ्चालन गर्ने तथा विद्यार्थीहरुमा सामाजिक सेवा र वातावरण संरक्षणप्रति चेतना बढाउने क्रियाकलाप गर्नुपर्छ । त्यस्तै विद्यार्थीहरुलाई शिक्षण संस्था, सामुदायिक स्थल वा त्यस्तै अन्य स्थानको सरसफाई र संरक्षण, विद्यालय बगैँचा, करेसाबारीको निर्माण, वृक्षरोपण र साक्षरताजस्ता कार्यक्रमहरुमा संलग्न गराउन प्रोत्साहन गर्ने, राष्ट्रिय, अन्तर्राष्ट्रिय, ऐतिहासिक, सामाजिक, धार्मिक पर्वको महत्व तथा नैतिकता सम्बन्धमा प्रवचन गर्न लगाउने, स्काउट, जुनियर रेडक्रसजस्ता संस्थाका एकाई खोल्न प्रोत्साहन गर्ने व्यवस्था राखिएको छ । रासस





बिक्रीका लागि राखिएका आँपः आँपको राजधानीका रुपमा रहेको सिरहाको लहान नगरपालिका–१ स्थित स्थानीय किसानले बिक्रीका लागि राखेका आँप । फलफूलको राजा मानिने आँप यस क्षेत्रबाट काठमाडौँ, पोखरा, वीरगंज, विराटनगरलगायतका शहर तथा भारतीय बजारमा समेत निर्यात हुने गरेको छ । तस्बिरः सुदिप राउत

# गाडिएको अवस्थामा शव भेटियो

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर १ मा पर्ने ओरिया खोलामा गाडिएको अवस्थामा दुईवटा पुरुषको शव भेटिएको छ । जगरनाथपुर गाउँपालिका वडा नम्बर १ विसनपुरुवाबाट भारतको नगरदाहतर्फ जाने बाटोको ओरिया खोला नजिकै नेपाल भारत सीमा दशगजाको ४२१/५ नम्बरको सीमास्तम्भ नजिकै दुईवटा शव गाडिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायव उपरीक्षक दिपक भारतीले बताए ।

सशस्त्र प्रहरी र भारतीय सीमा सुरक्षा बल (एसएसबी)को संयुक्त गस्ती टोलीले गस्ती गर्ने क्रममा आज विहान शव गाडेको स्थानमा स्यालले खोतलेको भेटेपछि गएर हेर्दा शव भेटिएको प्रहरीले जनाएको छ ।

घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक मोहनजंग बुढा को नेतृत्वमा गएको प्रहरी टोलीले दुवै शव खनेर निकालेको प्रवक्ता भारतीले बताए ।

दुवै शवको सनाखत हुन नसकेको र प्रहरी टोलीले शवलाई पोष्टमार्टमका लागि नारायणी अस्पतालमा राखिएको छ । यता पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर १ का वडाअध्यक्ष लक्ष्मी साह तेलीले गाडेको अवस्थामा फेला परेको शव ३÷४ दिन अगाडीको भएको हुँदा शव सडन लागेको र स्थानीयको शव नभएको हुँदा सिमा क्षेत्रमा शव भेटिएको कारण भारत तर्फ हत्या गरी नेपाल तर्फ ल्याएर गाडेको हुन सक्ने आशंका व्यक्त गरे । यसअघि वीरगंजमा गत आईतबार र सोमबार दुई जना पुरुषको शव फेला परेको थियो । वीरगंज महानगरपालिका–१६ शंकराचार्य गेटस्थित खुला चौरमा आईतबार ३०÷३५ बर्षको एक पुरुषको शव फेला परेको थियो भने सोमबार वीरगंजको रानीघाटस्थित सिर्सिया नदीमा तैरिएको अवस्थामा अन्दाजी ५० बर्षिय पुरुषको शव बरामद भएको थियो । वीरगंज तथा पर्सा जिल्लामा श्रृंखलाबद्ध रुपमा शव बरामद हुनु र चारै जनाको सनाखत हुन नसक्नुले मृतकहरु भारतीय नागरिक हुन सक्ने अनुमान प्रहरीले गरेको छ ।

# भारतीय नाकामा रोकियो ग्यास बुलेट



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतबाट नेपालमा ग्यास बोकेर आउने भारतीय नम्बर प्लेटका बुलेट विभिन्न नाकामा रोकिएका छन् । सरकारले नयाँ बजेटमार्फत ढुवानीमा प्रयोग हुने भारतीय गाडीमा १५ सय अतिरिक्त शुल्क लागू गरेको छ ।

ती बुलेटको अतिरिक्त शुल्क कसले तिर्ने भन्ने एकिन नभएपछि बुलेट नाका कट्न नपाएको हो । आर्थिक वर्ष २०८१÷८२ को बजेटमा ग्यास बोक्ने बुलेटले १५ सय रूपैयाँ अतिरिक्त शुल्क तिर्नुपर्ने व्यवस्था गरेको थियो । आइतबारभन्दा पहिले व्यवसायीले नै यो शुल्क तिरेर ग्यास आयात गरिरहेका थिए । तर, अहिले भन्सारले निगमको नाममा नै प्रज्ञापनपत्रमा उक्त शुल्क समावेश गरेको छ । निगमको नाममा प्रज्ञापन पत्र आएकाले निगमले नै पैसा तिर्ने प्रवक्ता मनोजकुमार ठाकुरले बताए ।

उनले भने, ‘आज विभिन्न नाकामा नेपाल आउन लागेका ग्यास बोक्ने बुलेट १५ सय रुपैयाँ कसले तिर्ने भन्ने अन्योल भएर नाकामा बसेका छन् । हिजोसम्म नियमित रूपमा आइरहेको थियो । अब हामीले प्रति बुलेट १ हजार ५ सय कर तिर्ने निर्णय गरेपछि ती बुलेट आउने छन् । आजमात्रै नाकामा करिब ५० वटा बुलेट रोकिएको थियो ।’

अहिले बजारमा ग्यास अभाव नभएको साथै केही दिन नआउँदा पनि बिक्री वितरणमा समस्या नहुने उनले बताए ।

ग्यास बुलेटमा लाग्ने करको विषयमा मन्त्रीस्तरमा पनि छलफल भइरहेको उनको भनाइ थियो । अहिले प्रतिसिलिन्डर बिक्रीमा २६६ रूपैयाँ घाटा रहेको निगमले जनाएको छ । प्रति बुलेट १५ सय कर तिर्दा निगमलाई थप १ रूपैयाँ घाटा थपिने ठाकुरले बताए ।

सरकारले आर्थिक अध्यादेशमार्फत अस्थायी पैठारी हुने सवारी तथा ढुवानी साधनमा अतिरिक्त शुल्क लाग्ने व्यवस्था गरेको थियो । ग्यास ढुवानी गरी ल्याउने बुलेट ट्रकलाई गन्तव्यस्थलमा अनलोड गर्नका लागि वस्तु जाँचपास भएको ९६ घण्टासम्मको लागि १ हजार ५ सय रुपैयाँ शुल्क तिनुपर्ने व्यवस्था छ । ग्यास बुलेटबाहेक अन्य बस्तु ढुवानी गर्ने ट्रक, ट्रेलर, ट्र्याक्टर र अन्य ढुवानीको साधनहरुको हकमा ७२ घण्टासम्मको अवधिको लागि १ हजार ५ सय रुपैयाँ सरकारले तोकेको छ ।

# महानगरका ५ विद्यालयमा शिलबन्दी




**मधेशदृष्टि**
**वीरगंज ।**
नगर क्षेत्रमा अनुमति विना संचालित विभिन्न ५ वटा विद्यालयमा वीरगंज महानगरपालिकाले शिलबन्दी गरेको छ । मंगलबार सिजी एजुकेशनद्वारा संचालित दिल्ली पब्लिक स्कुलको पूर्व प्राथमिक तह मन्टेश्वरी कक्षा निनोस वीरगंजको नामबाट वीरगंज महानगरपालिका वडा नं. १२ मुर्ली बगैचामा अनुमति बिना अवैध रुपमा संचालन भइरहेको पाइएकाले सिलबन्दी गरिएको महानगरपालिकाले जनाएको छ ।

त्यसैगरी वीरगंज महानगरपालिका वडा नं. २६ सुगौलीमा २०५७ सालदेखि अवैध रुपमा संचालन गरिरहेको सिटिजन पब्लिक स्कुल र २०७५ देखि संचालित ए.एस. नलेज एकेडेमीलाई शिलबन्दी गरिएको वीरगंज महानगरपालिका शिक्षा समितिको अनुगमन संयोजक ईश्वरचन्द्र यादवले जानकारी दिए । त्यसैगरी महानगरपालिका वडा नं. १८ भवानीपुरमा संचालित सुरज एकेडेमी र बुद्ध एकेडेमीलाई समेत अनुमति विना नै संचालनमा रहेको भेटिएपछि शिलबन्दी गरिएको यादवले जानकारी दिए । संयोजक यादवको नेतृत्वमा गएको टोलीमा महानगरपालिकाका शिक्षा अधिकृत आनन्द लामिछाने, नगरप्रमुख सिंहका जनसम्पर्क सल्लाहकार नवराज फुयाँल एवम् सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

# शिक्षामन्त्रीलाई काम गर्न दिउँः सिंह




**मधेशदृष्टि**
**वीरगंज ।**
सर्लाहीबाट निर्वाचित स्वतन्त्र सांसद अमरेशकुमार सिंहले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठलाई काम गर्न दिनुपर्ने बताएका छन् । आफूहरू साथमा रहेको भन्दै उनले शिक्षा क्षेत्रको समग्र सुधारका लागि अगाडि बढ्न शिक्षामन्त्री श्रेष्ठलाई आग्रह गरे । ‘म कताकता सुन्छु, शिक्षा मन्त्रीलाई काम गर्न दिइएको छैन । शिक्षा मन्त्रीजीलाई सार्वजनिक रूपमा भन्न चाहन्छु, ‘हामी तपाईंको साथमा छौं,’ मंगलबार प्रतिनिधि सभाको बैठकमा बोल्दै उनले भने । आफूले कुनै दल र नेता नचिन्ने पनि सिंहले बताए । ‘हामी कुन दल र नेतालाई चिन्दैनौं । हामी देश र जनतालाई चिन्छौं । देश र जनताको स्तर अनुसार शिक्षाको गुणस्तर अगाडि बढ्नुपर्छ । शिक्षामा कुनै किसिमको राजनीतिकरण हुनुहुँदैन,’ उनले भने । विद्यालय व्यवस्थापन समिति, शिक्षकहरूको ट्रेड युनियन र विद्यार्थी संगठनसमेत आवश्यक नरहेको उनले बताए । ‘कुनै किसिमको व्यवस्थापन समिति चाहिँदैन । व्यवस्थापन समिति दलको संगठन निर्माण गर्ने थलो बनेको छ,’ उनी थप्छन्, ‘कुनै किसिमको ट्रेड युनियन चाहिँदैन । चाहे शिक्षकको होस् वा विद्यार्थीको युनियन होस् ।’

# तराई–मधेशमा तातो हावा चल्ने सम्भावना

**मधेशदृष्टि**
**वीरगंज ।**
मध्य र पश्चिम तराईका जिल्लामा मंगलबारदेखि तीन दिनसम्म तातो हावाको लहर चल्ने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले विशेष बुलेटिन निकालेर आउँदो पर्सि ३१ गते बिहीवारसम्म मध्य र पश्चिम तराईका जिल्लामा तातो हावा र तातो हलर चल्ने सक्ने चेतावनी दिएको हो । यी क्षेत्रमा अत्यधिक गर्मीको सम्भावना रहेको पनि महाशाखाले जनाएको छ । महाशाखाका अनुसार मध्य र पश्चिम तराईका केही ठाउँको तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि रहेको छ । पूर्वी क्षेत्रसहित बाग्मती, मधेश प्रदेशका जिल्लाको तापक्रम भने कम छ । अत्यधिक गर्मीका कारण तराई, मधेससहित देशका विभिन्न जिल्लाको जनजीवन प्रभावित बनेको छ । तातो हावाको लहरबाट हुने सम्भावित असरमा थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता हुनेलगायत समस्या देखिने डाक्टरहरूले बताएका छन् ।

# मेयर थापा विरुद्ध भ्रष्टाचारको अर्को मुद्दा दायर







**मधेशदृष्टि**
**सर्लाही ।**
अकुत सम्पत्ति आर्जनको मुद्दा खेपिरहेका सर्लाही बागमती नगरपालिकाका मेयर भरतकुमार थापाविरुद्ध अर्को भ्रष्टाचार मुद्दा दायर भएको छ । थापा र उपमेयर लीलाकुमारी मुक्तानसहित ६ जनाले ३० करोडभन्दा बढी भ्रष्टाचार गरेको अभियोगमा अख्तियारले मुद्दा दायर गरेको हो । आयोगले मंगलबार प्रमुख र उपप्रमुखसँगै नगरपालिकाकै तत्कालिन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, योजना शाखा प्रमुख इन्जिनियरङ सागर पौडेल, तत्कालिन लेखा अधिकृत विश्वराज पोखरेल र जिल्ला समन्वय समिति सर्लाहीको तत्कालीन प्रमुख मेथुर चौधरी विरुद्द भ्रष्टाचार गरेको अभियोगमा विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरेको हो ।

नगरपालिकाको वडा नम्बर चार र १२ मा अवस्थित बागमती माछा पोखरी प्रथम (भरत ताल) निर्माण गर्दा उत्खनन् भएको ढुंगा, गिटी, वालुवा लगायतको नदीजन्य पदार्थको बिक्री वितरणमा ३० करोड २९ लाख ३४ हजार ८९७ रकम हिनामिना तथा दुरुपयोग गरेको भन्दै मुद्दा दायर गरिएको आयोगका सहसचिव एवम् प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । उनका अनुसार उनीहरु ६ जनालाई नै छुट्टा छुट्टै ३० करोड २९ लाख ३४ हजार ८९७ रकम विगो माग दाबी गर्दै आयोगले मुद्दा दायर गरेको हो ।

यसअघि मेयर थापाविरुद्ध अनुसन्धान आयोगले ५ करोड ३३ लाख ५३ हजार १८१ रूपैयाँ अकुत सम्पत्ति कमाएको ठहरसहित सोहीबमोजिमको बिगो दाबी गर्दै मुद्दा दायर गरेको थियो । बागमती नगरपालिकामा मेयर र उपमेयरसहित अधिकांश वडाध्यक्ष माओवादी केन्द्रबाट निर्वाचित छन् । १२ वटा वडाध्यक्षमध्ये कांग्रेस र एमालेका एक एकजना मात्र छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन